जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०८० पुस (krishijournal–2023-24, (December-January)



## सिँचाई प्रणालीसँग जोडेर चैते धान अभियान

## The plants that feed the world

## Highlighting Soil Day 2023



दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal
मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१९, अङ्क ११४ पुस २०८०





## यस अङ्कमा

१. सिँचाई प्रणालीसँग जोडेर चैते धान अभियान ३
२ दीगो विकास लक्ष्यको सूचक.... ५
३. पशुपालन गरेर स्वरोजगार ...... अवसर ६
४. कृषि प्राविधिक शिक्षाः अवसर र अवस्था ८
५. तीन दिने कृषि यान्त्रीकरण प्रदर्शनी सम्पन्न ९
६. हानीकारक कीरा नियन्त्रणमा जैविक ११
७. दुधे च्याउ खेती प्रविधि : एक नौलो आयाम १२
८. डेरी एसोसिएसन बागमतीको साधारणसभा सम्पन्न १४
९. नेपाली च्याउमा प्रति के.जी. ९० रुपैयाँ लगानी, ५० मा बिक्री १६
१०. कृषि अनुदानलाई किसानसम्म पुऱ्याउन ..... १८
११. अत्यावश्यक १० खाद्य वस्तुको तथ्याङ्क .... १९
१२. बेसारको नयाँ जात कपुरकोट हलेदो २०
१३. आवधिक योजना तर्जुमा गर्दा सुपारी खेतीलाई प्रर्वद्धन गर्नुपर्ने उपभोक्ता हित समितिको निर्देशन २२
१४. कृषि क्षेत्रको व्यावसायमा बिमा र कर्जाको महत्व २३
१५. भारत सरकारले कृषि, मल र खाद्यान्नको .... २५
१६. हाईड्रेजियाहरू ग्रीष्म फुल्छन २६
**17. The plants that feed the world 27**
**18. Fishing for a better future in Nigeria 28**
**19. Nothing good comes out of ..... 29**
**20. Water sharing: From underground 31**
**21. Turning Tunisia's olives....gold 32**
**22. Bringing global finance to rural .... 33**
**23. COP: Where does it ....... it going? 34**
**34. Highlighting ...... Soil Day 2023 35**

राष्ट्रिय कृषिगणना
२०७८



व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
सल्लाहकार : कृष्ण कोपिला, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
प्रधान सम्पादक : धनबहादुर मगर सम्पादक : रितु रुपाखेती
कानुनी सल्लाहकार : सरस्वती मानन्धर
मुख्य कार्यालय : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
फोन : ०१४२८८७४३, मोवाईल नं. ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङखेल, काठमाडौं
**website** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

# कृषि क्षेत्रको कर्जा गैरकृषिमा लगानी

सम्पादकीय



नेपाल (राष्ट्र बैंकले २०७८ असारसम्म वाणिज्य बैंकहरूलाई एक करोड रुपैयाँभन्दा कम रकमको कुल कर्जाको ११ प्रतिशत लगानी लघु, साना तथा मझौला उद्यम कर्जामा गर्नुपर्ने निर्देशन जारी गरेकामा २०७८ असारमा १०.१ प्रतिशत रहेको छ । यसमध्ये पनि अधिकांश रकम कृषिसँग सम्बन्धित व्यवसायमा गएको बुझ्न सकिन्छ । राष्ट्र बैंकको निर्देशनको पालना नहुँदा कृषि कर्जामा निकै ठूलो समस्या आएको छ । यसमा सबभन्दा ठूलो समस्या साना किसानहरुलाई परेको छ । (गत आवमा कृषि विकास बैंकमार्फत कृषिमा लगानी गर्ने सहजताका लागि मौद्रिक नीतिमै राष्ट्र बैंकले कृषि कर्जा लगानीका रूपमा बैंक तथा वित्तीय संस्थाहरूले २४ अर्ब रुपैयाँसम्म कृषि ऋणपत्र (बण्ड)मा लगानी गर्नसक्ने सुविधा दिएकाले पनि वाणिज्य बैंकहरूको कृषि कर्जामा सुधार आएको देखिन्छ ।

( ग्रामीण क्षेत्रमा पनि वाणिज्य बैंकहरूको उपस्थिति बाक्लिँदै गएको छ र त्यही रूपमा कर्जा पनि प्रदान गर्दै आएका छन् । युवाहरू पनि व्यावसायिक कृषि कर्ममा आकर्षित हुँदै गएका छन्, जुन हेर्दा सुखद पक्ष हो । माथि उल्लिखित कृषि फाइनान्सिङको वर्तमान अवस्था हेर्दा बैंकिङ क्षेत्रको कृषितर्फ आकर्षण प्रगति उन्मुख देखिन्छ । यद्यपि, यसमा विभिन्न चुनौती भने छन् । साना किसानहरूमा मूल्य, बजार, प्राविधिक ज्ञान र सीपका साथै वित्तीय पहुँचमा कमी देखिएको छ ।( मध्यमस्तरका किसानहरूमा कृषि उत्पादनको गुणस्तर कायम गर्न, शीत भण्डारण, मूल्य श्रृँखला र प्रविधि रूपान्तरण गर्नमा चुनौती देखिएको छ ।

(ठूला उद्यमी किसानहरूले निश्चित बजार तथा उत्पादनमा केन्द्रित भई कार्य गर्ने हुँदा 'ब्याकवार्ड लिंकेज' र 'भ्यालु चेन'मा जटिलता देखिएको छ ।

(बैंकहरूले कृषिमा गरेको लगानीलाई दीर्घकालीन प्रतिफलयुक्त बनाउन प्रविधिलगायत भौतिक पूर्वाधारमा ठूलो लगानी गर्नुपर्ने अवस्था छ ।

कृषि फाइनान्सिङका चुनौतीहरूसँग जुझिरहेको बैंकिङ क्षेत्रले सहुलियतपूर्ण कर्जाका माध्यमबाट साना तथा मध्यमस्तरका किसान र कृषि उद्यमीलाई सम्बोधन गरेको अवस्था छ ।

कृषि क्षेत्रमा सरकारले वार्षिक बजेट कार्यक्रम, विभिन्न अन्तर्राष्ट्रिय सहायता, बैंकिङ क्षेत्रबाट स्वदेशी आन्तरिक ऋणको व्यवस्था, सहकारीमार्फत लगानी प्रोत्साहन गर्दै आएको छ । राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वित्तीय क्षेत्र सुदृढीकरण गर्दै कृषिमा लगानी अभिवृद्धि गर्न बैंकिङ क्षेत्रलाई विभिन्न निर्देशन दिँदै आएको र बैंकिङ क्षेत्रले पनि सोहीअनुरूप सरकार र केन्द्रीय बैंकको लक्ष्यबमोजिम कार्य गर्दै आएका छन् । यति हुँदै गर्दा पनि कृषि क्षेत्रमा निम्न चुनौतीका कारण आशातित सफलता हासिल हुन सकेको छैन ।

(कृषि क्षेत्रको समग्र उत्पादन मौसमी अनुकूलतामा निर्भर रहेकाले कृषियोग्य भूमिमा वर्षभरि सिँचाई सुविधा उपलब्ध हुनेगरी आवश्यक पूर्वाधार निर्माण गर्नु ।

(हाल निर्माणाधीन राष्ट्रिय गौरवका सिँचाई आयोजना यथाशीघ्र सम्पन्न गरी यी आयोजनामार्फत राष्ट्रिय उत्पादन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनु,

(कृषि उपजको बजारीकरणमा देखिएको समस्याले गर्दा एकातिर कृषि व्यवसायमा संलग्न किसानलाई उत्पादन गरेको वस्तुको कम मूल्य प्राप्त हुने अर्कोतिर उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने भई मूल्य स्थायित्वमा चाप पर्नु,(कृषिजन्य वस्तुको आयात निरन्तर वृद्धि हुँदै गएको वर्तमान सन्दर्भमा कृषि उपजको उत्पादन वृद्धिका साथै उपभोग प्रवृत्तिमा परिवर्तन गरी कृषिजन्य वस्तुको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु,

(कृषि तथा पशु बिमा कार्यक्रमलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी सबै कृषकको पहुँच पुर्‍याउनु,

(कृषि उपजको भण्डारणका लागि सबै स्थानीय तहमा शीतघरको निर्माण गर्नु ।

(कृषि क्षेत्रमा बढ्दै गएको रासायनिक मल, कीटनाशक औषधिको प्रयोगतर्फ कृषकलाई सचेत गराउँदै कृषि उपजलाई स्वस्थकर बनाई दीर्घकालमा प्राङ्गारिक खेती प्रणालीको विकास गर्नु,

(पशुपालक कृषकलाई उत्प्रेरित गर्दै स्वस्थकर उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न पशु चिकित्सा सेवाको पहुँच सबै स्थानीय तहका सबै वडामा विस्तार गर्नु,

(कृषि आयात व्यवस्थापन गर्न प्रत्येक भन्सार नाकामा क्वारेन्टिनको व्यवस्था, कृषि उपजको सहज बजारीकरणका लागि भण्डारण तथा सडक सञ्जाल विस्तार, कृषि कर्जा, कृषिको आधुनिकीकरण, न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था, भू(खण्डीकरण नियन्त्रण तथा प्रतिस्पर्धात्मक क्षमताको विकासमार्फत कृषि पेसामा युवालाई आकर्षित गर्नु पर्छ

केन्द्रीय बैंकले गरेको 'आर्थिक गतिविधि अध्ययन' अनुसार जग्गामा भईरहेको अनियन्त्रित खण्डीकरणले खेतीयोग्य जमिन घट्न गई कृषि उत्पादन घट्दै गएकाले पनि उत्पादकत्व घटेको हो ।

वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने नीति सरकारको प्राथमिकतामा रहे पनि भौगोलिक विकटता तथा आवश्यक पूर्वाधारको अभावका कारण सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार हुन नसकेको भन्दै केन्द्रीय बैंकले दुर्गम क्षेत्रमा बैंकिङ सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधार तयार गरी वित्तीय चेतनामार्फत बचतकर्तामा बैंकिङ बानीको विकास गरी संकलित वित्तीय साधन सोही क्षेत्रको कृषि, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा उपयोग गर्नुपर्ने देखिन्छ ।

त्यस्तै, कृषिसँग पर्यटनलाई जोड्दै 'होमस्टे'मा आउने पर्यटकको बसाई अझ उत्कृष्ट र लामो बनाउन बैंक तथा वित्तीय संस्थाहरूको लगानी वृद्धि गर्नुपर्नेछ । आन्तरिक पर्यटनलाई प्रवाभकारी ढंगले वृद्धि गर्न पर्यटन क्षेत्रमा गरिने लगानीका लागि महत्वपूर्ण अंग बैंक तथा वित्तीय संस्था हुन् ।

आधुनिक कृषिको विकास तथा उपलब्धिमूलक लक्ष्य प्राप्त गर्न वित्तीय साक्षरता बढाउँदै र वित्तीय सेवालाई थप समावेशी बनाउँदै स्थानीय तह, प्रदेश र संघअन्तर्गतका सरोकारवाला निकायबीच समन्वय गरी अघि बढ्नुपर्छ ।

किसानहरुको मर्म र भावना अनुसार अगाढिउान समन्वय गरेर कृषि कार्यक्रम अगाडि बढ्छ । अहिले सम्म भएगरेका केही सकारात्मक निर्णय र नीति तथा कार्यक्रमहरु राम्रा छन् । तर कार्यन्वयनमा समस्या देखिएको छ । जुन कृषि गर्ने वर्ग हुन त्यसको पहिचान नहुँदा कृषि कर्जाको दुरुपयोग भएको देखिन्छ ।

त्यसलाई सुधार गर्न सके मात्र नेपालको कृषि अगाडि बढ्न सक्छ ।

# सिँचाई प्रणालीसँग जोडेर चैते धान अभियान किसानलाई आकर्षित गर्न अनेक सुविधा

काठमाडौं : पुस ६ सरकारले सिँचाई प्रणालीसँग प्रत्यक्ष जोडेर चैते धानखेती अभियान सुरु गर्न लागेको छ। धान र चामल आयातले वर्षेनि बढाउँदै लगेको व्यापार घाटा र निम्तिँदै गएको खाद्य असुरक्षालाई सम्बोधन गर्न अभियान अघि बढाउन लागिएको हो।

तत्कालका लागि कम्तीमा १ लाख हेक्टरमा चैते धानखेती गर्ने चैते धान मिसन कार्यक्रममा लक्ष्य राखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा.रामकृष्ण श्रेष्ठले जानकारी दिए।

खाद्य सुरक्षा राष्ट्रिय सुरक्षासँग जोडिएकाले धानको उत्पादन बढाउनुको विकल्प हामीसँग छैन। 'खाद्य सुरक्षा भएन भने राष्ट्रिय सुरक्षा जोखिममा पर्ने भएकाले मन्त्रालयले सिँचाई प्रणालीसँग जोडेर यो कार्यक्रमलाई प्राथमिकतासाथ सञ्चालनमा ल्याउन लागेको हो।

धानमा मुलुकलाई आत्मनिर्भर बनाउन विगतमा यस्ता प्रकारका १०।१२ कार्यक्रम सञ्चालनमा ल्याइसकिएको छ। तर, धान उत्पादनमा कुनै सुधार आउन सकेको छैन। स्वदेशमै मागअनुसार खाद्यान्न उत्पादन नहुँदा वार्षिक अर्बौं मूल्यबराबरको आयात गर्नुपर्ने बाध्यता छ।

त्यसकारण पनि सिँचाई प्रणालीसँग जोडेर उच्च प्राथमिकतासाथ नयाँ कार्यक्रम सञ्चालन गर्ने विषयमा बुधवारमात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र कृषिमन्त्रीबीच सैद्धान्तिक छलफल भएको थियो। सहसचिव श्रेष्ठका अनुसार प्रधानमन्त्रीले खाद्यान्न उत्पादन घट्दै गएकोप्रति गम्भीर चासो राखेका थिए।

कृषिलाई विकासको मूल आधार बनाउन सकेनौं र भूमिको वैज्ञानिक व्यवस्थापन गर्न सकेनौं भने समृद्धिको मूल काम गर्न सक्दैनौं। प्रधानमन्त्रीको भनाई उदृत गर्दै उनले भने, 'जलविद्युत र उद्योग पनि महत्वपूर्ण छन्। तर, उद्योग पनि कृषिमा आधारित भएरमात्र चल्छन्। कृषिको उत्पादकत्व बढाउने र भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने कुरालाई केन्द्रमा राखेर काम गर्नुपर्छ।

छलफलमा कृषिमन्त्री डा.वेदुराम भुसालले कृषिका ७ प्राथमिकता निर्धारण गर्नुपर्ने बताएका थिए। छलफलमा उनले नदी प्रणालीलाई जोडेर सतह सिँचाईको प्रबन्ध, उत्पादनशील बीउ र किसानलाई साक्षरता, मलमा आत्मनिर्भरता, यान्त्रिकीकरणमा जोड, बजार व्यवस्थापन, कृषिमा आधारित उद्योगको विकास र प्राविधिक जनशक्ति उत्पादनमा जोड दिएको अवस्थामा मात्रै



कृषि क्षेत्रको उत्पादकत्व बढ्न सक्ने बताए।

नेपालमा कति छ धानको माग ?

मानिसलाई दुई छाक भात, वियर उद्योग र दाना उद्योगलाई कच्चा पदार्थको रुपमा चामल चाहिन्छ। यसरी हेर्दा वार्षिक नेपालमा ८० लाख टन धानको माग छ। मानिसलाई मात्रै खुवाउन भने ६७ लाख टन धान आवश्यक छ।

तर, हाल स्वदेशमा वार्षिक ५१ देखि ५५ लाख टन हाराहारीमात्रै धान उत्पादन भइरहेको छ। मागअनुसार वार्षिक करिब ३० लाख टन धान अपुग छ। एक सय किलो धानबाट ६० किलो चामल तयार हुन्छ। यसरी हेर्दा मानिसको खान्की र उद्योगलाई गरी वार्षिक ४८ लाख टन चामल आवश्यकता छ। तर, अहिले ३० लाख ६० हजार चामलमात्रै उत्पादन भइरहेको छ। चामलमात्रै साढे १७ लाखदेखि १८ लाख टन अभाव छ।

अपुग भएको धान भारतलगायतका मुलुकबाट आयात हुँदै आएको छ। गत आर्थिक वर्ष २०७९/८० मा २० अर्ब ७५ लाखको धान र १५ अर्ब ९१ करोडको चामल आयात भएको थियो।

धान अपुग भएपछि नेपाल चामल, तेल, दाल उद्योगले चालु आर्थिक वर्षमा धानको अभाव हुँदा १० लाख टन धान भन्सार छुटमा भारतबाट आयात गर्न अनुमति माग गरेको छ। नेपालमा हाल १४ लाख ७७ हजार हेक्टरमा धानखेती गरिँदै आएको छ।

पाठ सिकेर सुधारिएको 'चैते धान' मिसन

नेपालमा ८-९ वर्षदेखि चैते धान, मसिनो र वास्नादार चामलको हकमा मिसन कार्यक्रम सञ्चालन नभएको होइन। तर, त्यसले सोचेजस्तो प्रतिफल दिन सकेन।

आर्थिक वर्ष २०७३/७४ को वजेटमार्फत सरकारले चैते धान प्रर्वद्धन सम्बन्धी कार्यक्रम ३५ जिल्लामा विस्तार गर्ने र वास्नादार धान प्रवर्द्धन कार्यक्रम २० जिल्लामा सञ्चालन गर्ने घोषणा गरेको थियो। २०७५ सालमा आत्मनिर्भरताका लागि करिब ५० जिल्लामा विस्तार गरियो।

मन्त्रालयका अधिकारी, सिँचाई विभागका अधिकारी, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का धान वैज्ञानिक, राइस मिलका प्रतिनिधिलगायत सम्मिलित टोलीले हाल सञ्चालनमा रहेको चैते धान कार्यक्रमको क्षेत्रफल बढ्न नसकेको, किसानको लागत मूल्य अत्यधिक रहेको, सिँचाई सुविधा, मल

र बीउको अपर्याप्तता, किसानले बजार नपाएको लगायतका विषयमा छलफल गरेको थियो ।

छलफलपश्चात् जुन स्थानमा सिँचाईको पर्याप्त सुविधा उपलब्ध छ, त्यो स्थानमा मात्रै अभियानको रुपमा चैते धानखेती गर्ने विषयलाई टुंगो लगाइएको हो । विगतमा भएका गल्तीबाट पाठ सिकेर मन्त्रालयले प्रत्यक्ष सरोकार राख्ने सबै पक्षको विषयमा गहन अध्ययन गरी कार्यक्रम सञ्चालनमा ल्याउने तयारी गरेको छ ।

चैते धानलाई पनि सिँचाई पर्याप्त चाहिन्छ । अहिलेसम्म सञ्चालन भएको चैते धान अभियानलाई प्रत्यक्ष रुपमा सिँचाई प्रणालीसँग नजोडिएका कारण सोचेजस्तो प्रतिफल प्राप्त नभएको मन्त्रालयको निष्कर्ष छ । त्यसैका आधारमा मन्त्रालयले सिँचाई प्रणालीसँग प्रत्यक्ष रुपमा जोडेर चैते धान मिसन कार्यक्रम अघि बढाउने भएको हो । यसका लागि मन्त्रालयले सिँचाई विभागका उच्च अधिकारीसहित बागमतीदेखि सर्लाही, सिरहा, सप्तरी, मोरङ, झापालगायतका जिल्लामा सिँचाई प्रणालीको विषयमा स्थलगत अध्ययन गरिसकेको मन्त्रालयले जनाएको छ ।

'सिँचाई विभाग सहितको हाम्रो टोलीले विभिन्न जिल्लाका सिँचाई प्रणालीको स्थलगत अध्ययन गरेको छ,' सहसचिव श्रेष्ठले भने, 'अध्ययनका क्रममा केही जिल्लाका सिँचाई प्रणाली तत्कालै मर्मत सुधार गरेर चैते धानखेती गर्न शुरु गर्न सकिने अवस्था सिर्जना भएको छ ।' सिँचाई विभागले पनि छनौंट भएका जिल्लाका सिँचाई प्रणाली तत्कालै मर्मतसम्भार गर्ने प्रतिवद्धता जनाएको छ । यो कार्यक्रमले अहिले अपुग भएको १८ देखि २० लाख टन धान स्वदेशमै उत्पादन हुने दावी गरिएको छ ।

मन्त्रालयका अनुसार वर्षे धानबालीको उत्पादकत्व प्रतिहेक्टर ३.८ टनमात्रै छ । तर, चैते धानको उत्पादकत्व प्रतिहेक्टर ६ टन छ । तर, त्यसका लागि पर्याप्त सिँचाई र मलका साथै उन्नत बीउ आवश्यक पर्ने श्रेष्ठ बताउँछन् ।

अहिले हामीले शुरु गर्न लागेको अभियानमा सिँचाई प्रणाली, मलको पर्याप्त उपलब्धता र उन्नत बीउलाई जोडेर लैजाँदैछौं । कार्यक्रम सञ्चालनपछि चैते धानबालीको हालको क्षेत्रफल १ लाख २० हजार हेक्टरबाट ५ वर्षभित्रमा कम्तीमा ३ लाख ५० हजार हेक्टरमा विस्तार हुने सरकारको आंकलन छ । यो कार्यक्रम शुरु भएपछि पहिलो वर्ष कम्तीमा १७ हजार ६३८ हेक्टरमा चैते धान विस्तार हुने मन्त्रालयले जनाएको छ ।

संघीयता कार्यान्वयनमा आएपछि संघीय सरकारले सशर्त अनुदान कार्यक्रम अन्तर्गत यसअघि शुरु गरेको चैते धान, मसिनो तथा वास्नादार कार्यक्रमले पनि अहिले पालिकाको सहयोगमा तुलनात्मक रुपमा राम्रै प्रतिफल दिँदै आएको मन्त्रालयको दाबी छ । यो कार्यक्रम अहिले ५औं वर्षमा प्रवेश गरेको छ ।

चैते धान प्रवर्द्धन कार्यक्रम पहिलो चरणमा १८ जिल्लाका ३८ पालिकामा सञ्चालन हुनेछ । कोशी प्रदेशमा झापा, मोरङ, सुनसरी र खोटाङ, मधेस प्रदेशको बारा र पर्सा, बागमती प्रदेशको रसुवा, धादिङ र नुवाकोट, गण्डकी प्रदेशको स्याङ्जा, लुम्बिनी प्रदेशको बर्दिया, दाङ, कपिलवस्तु, रुपन्देही र प्युठान तथा सुदूरपश्चिमको कैलाली र कञ्चनपुरमा कार्यक्रम गर्ने खाका मन्त्रालयले बनाएको छ ।

**बजेटको अपर्याप्तता :**

कार्यक्रम सञ्चालनका लागि कृषि मन्त्रालयले ३० करोड ३४ लाख ४२ हजार रुपैयाँ खर्च हुने खाका बनाएको छ । बजेटको स्रोत सुनिश्चित भयो भने यसै आर्थिक वर्षदेखि वृहत् अभियानको रुपमा सञ्चालन गर्ने मन्त्रालयले जनाएको छ ।

स्रोत सुनिश्चित नभए पनि नमुनाको रुपमा यसै वर्ष केही सीमित क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयले तयारी गरेको सहसचिव श्रेष्ठले जानकारी दिए ।

नेपालको कृषि क्षेत्रमा सरकारको लगानी पञ्चायत कालभन्दा निकै कम छ । पञ्चायत कालमा कृषि क्षेत्रमा कुल बजेटको झन्डै ३५ प्रतिशत उपलब्ध हुन्थ्यो । तर, अहिले ३ प्रतिशतमात्रै विनियोजन हुँदा चाहेर पनि उत्पादन वृद्धि गर्न नसकिएको मन्त्रालयले दाबी गरेको छ ।

विनियोजन हुने बजेटमध्ये झन्डै ६० प्रतिशत रकम मल खरिदमै जान्छ । बाँकी रकममा वर्षभर कर्मचारीको तलब भत्ता, कार्यालय सञ्चालनसहित अन्य कार्यक्रम गर्न समस्या भएको मन्त्रालयले जनाएको छ ।

**किसानलाई कस्तो सुविधा ?**

कार्यक्रममा सहभागी हुने किसानले चैते धान लगाउँदा प्रतिका ३ सय रुपैयाँ सरकारबाट प्रोत्साहन अनुदान प्राप्त गर्नेछन् । यस्तै भाडामा जग्गा लिएर खेती गर्ने किसानको जग्गाको भाडा खर्चमा ५० प्रतिशत अनुदान दिइने खाका तयार पारिएको छ ।

त्यसैगरी, उन्नत बीउमा ५० प्रतिशत अनुदान, यान्त्रीकरणको सहयोगमा खेती गर्नेलाई ५० प्रतिशत अनुदान र उत्पादित धानको बजार मूल्य सुनिश्चित हुने गरी राइस मिलसँग जोडिदिने सुविधा सरकारले उपलब्ध गराउनेछ ।

चैते धानखेती गर्न आवश्यक पर्ने साना सिँचाईका कार्यक्रम, नार्क, इरी, सिमिटलगायतका धान विशिष्ट संस्थासँग सहकार्य गरी चैते धानको पाइपलाइनमा रहेका जातको किसानको खेतमै परीक्षण सुविधा पनि उपलब्ध गराइने मन्त्रालयले छ

भारतमा लागत सस्तो

नेपालभन्दा भारतमा खेतीको लागत खर्च निकै सस्तो भएकाले भन्सार कर लगाउँदा पनि उताको सामान नेपालमा सस्तो पर्ने गरेको मन्त्रालयको भनाइ छ । भारतको उत्पादन क्षमता उच्च छ, प्रविधि पनि उच्चस्तरको प्रयोग हुन्छ ।

मल, बीउ, सिँचाई, यान्त्रीकरण, ढुवानी, औषधि, बिजुली, ग्रेडिङ, प्रशोधन, प्याकेजिङ, ढुवानी साधन र ढुवानीसहित बजारीकरणसम्ममा भारत सरकारको लगानी र अनुदान छ । यसबाहेक समयमै न्यूनतम् समर्थन मूल्य तोक्नेदेखि बिक्री नभएको अवस्थामा खरिद गरिदिनेसम्मको नीति भारतले लिएको छ ।

**जलवायु परिवर्तन ठूलो समस्या :**

सहसचिव श्रेष्ठका अनुसार कृषि मन्त्रालयले चाहेर पनि एक्लै उत्पादन वृद्धि गर्न सक्दैन । उत्पादन बढाउन मल, बीउ, सिँचाई पहिलो मुख्य वस्तु भएको उनको भनाई छ । त्यसपछि मौसम पनि अनुकूल हुनुपर्छ ।

तर, बढ्दो जलवायु परिवर्तनका कारण सबैभन्दा बढी धानबाली प्रभावित भएको छ । धानबालीलाई पर्याप्त सिँचाई चाहिन्छ । तर, जलवायु परिवर्तनका कारण सिँचाईका स्रोत सुक्दै गएका छन् भने अत्यधिक तापक्रम वृद्धि भएर धानबाली जोखिममा पर्दै गएको उनको भनाई छ ।

सुक्खा, खडेरी, अति वृष्टि र खण्ड वृष्टिका कारण पनि उत्पादनमा अवरोध सिर्जना हुँदै आएको छ । यसबाहेक कृषि उत्पादन बढ्न नसक्नुमा वर्षेनि कृषियोग्य क्षेत्रफल ०.३६ प्रतिशतले घट्दै जानु पनि अर्को समस्याको रुपमा देखापरेको सहसचिव श्रेष्ठले जानकारी दिए ।

# दीगो विकास लक्ष्यको सूचक : राष्ट्रिय कृषिगणना २०७८

प्रेस विज्ञाप्ती

वि.सं. २०१८ सालदेखि हरेक दश(दश वर्षमा कृषि गणना गर्दै आएको राष्ट्रिय तथ्याङ्क कार्यालय (साविकको केन्द्रीय तथ्याङ्क विभाग) ले २०७८ चैत्र १ गते देखि ७७ वटै जिल्लामा कृषि गणना कार्यालय स्थापना गरी २०७२ बैशाख ६ देखि जेठ १९ सम्म सातौं राष्ट्रिय कृषि गणनाको स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न गरेको थियो। तीनै तहका सरकारहरुलाई चाहिने कृषि सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने उद्देश्य सहित "कृषि गणनाको सार कृषि योजनाको पूर्वाधार" मूलनाराका साथ सञ्चालित राष्ट्रिय कृषि गणना २०७८ संघीयता पछिको पहिलो कृषि गणना भएको छ। विगतका कृषि गणनाहरुमा जिल्लास्तरसम्मका कृषि तथ्याङ्क मात्र प्रकाशन हुँदै आएकोमा यसपटक ७५३ वटै पालिकासम्मका कृषि तथ्याङ्क संकलन गरी प्रकाशन गरिएको छ। मूलतः संरचनागत तथ्याङ्कहरुमा आधारित कृषि गणनाका विभिन्न तहका नतिजाहरु समावेश भएका प्रकाशनहरु यस अधि प्रकाशन भईसकेका छन्। विगतदेखि नै नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। यस कृषि गणनाको नतिजाले ६२ प्रतिशत घरपरिवार कृषिकार्यमा संलग्न रहेको र यी मध्ये ३२ प्रतिशत घरपरिवारको मूली कृषक महिला रहेको देखाएको छ। नेपालमा जीविकोपार्जनको माध्यमका साथै सम्पत्तिको महत्वपूर्ण हिस्साको रुपमा कृषि जग्गाको महत्वपूर्ण योगदान रहेको छ। खेतीपातीको अतिरिक्त लगानी वा ऋणको जमानत वा धितोका साथै परिवारको दैनिक आवश्यकता पूर्तिको माध्यमको रुपमा कृषि जग्गाको भूमिका ठूलो रहेको छ। यस सन्दर्भमा कृषि जनसंख्याको समग्र उत्थानका साथै विशेषगरी महिलाको सशक्तिकरणमा कृषि जग्गाको पहुँच वा स्वामित्वको अवस्थाले महत्वपूर्ण योगदान गर्दछ। तर, विश्वका धेरै मुलुकहरुमा कृषि लगायत अन्य जग्गामा लैङ्गिक स्वामित्वको अवस्था असमान रहेको छ। यस मामलामा नेपाल पनि अछुतो रहेको छैन। यससम्बन्धी संयुक्त राष्ट्र संघले ग्रहण गरेका दीगो विकास लक्ष्यको प्राप्तिका लागि नेपालले पनि प्रतिवद्धता जनाएको छ। यसर्थ कृषि जग्गाको स्वामित्वमा रहेको पुरुष र महिला बिचको असमानताको सुक्ष्म अनुगमन गर्नु अति वाञ्छनिय हुने तथ्यलाई आत्मासाथ गर्दै राष्ट्रिय कृषि गणना २०७८ मा पहिलो पटक यससम्बन्धी विवरणहरु संकलन गरी तल प्रस्तुत नतिजाहरु प्रकाशन गरिएको छ।

दीगो विकास लक्ष्यको सूचक ५.०.१ सम्बन्धी राष्ट्रिय कृषि गणना २०७८ बाट प्राप्त प्रमुख नतिजाहरु यसप्रकार छन्।

(१) राष्ट्रिय कृषिगणना २०७८ बाट प्राप्त नतिजाले कृषि जग्गामा स्वामित्व वा हक सुरक्षित हुने वयस्क कृषि जनसंख्या (१८ वर्ष वा सोभन्दा माथि)को प्रतिशत ३१.४ रहेको देखाएको छ। प्रदेशगत रुपमा हेर्दा यो प्रतिशत सबैभन्दा बढी (३४.६) गण्डकी प्रदेशमा र सबैभन्दा कम (२९) कर्णाली प्रदेशमा रहेको छ।

(२) लैङ्गिक विश्लेषणको दृष्टिकोणले कृषक परिवारमा रहेका कूल वयस्क पुरुष मध्ये ४२.९ प्रतिशत वयस्क पुरुषको कृषि जग्गामा स्वामित्व वा हक सुरक्षित रहेको देखिएको छ भने वयस्क महिलाको हकमा यो प्रतिशत २०.८ मात्र रहेको छ। प्रदेशगत रुपमा हेर्दा वयस्क पुरुषको यो प्रतिशत सबैभन्दा बढी (४७.६) बागमती प्रदेशमा र सबैभन्दा कम (४०.१) मधेश प्रदेशमा रहेको छ भने वयस्क महिलाको हकमा यो प्रतिशत सबैभन्दा बढी (२४.२) गण्डकी प्रदेशमा र सबैभन्दा कम (१६.३) कर्णाली प्रदेशमा रहेको छ।

(३) कृषि जग्गामा स्वामित्व वा हक सुरक्षित हुने नेपालको जम्मा कृषि जनसंख्यामा महिलाको हिस्सा ३४.४ प्रतिशत रहेको यो कृषि गणनाले देखाएको छ। प्रदेशगत रुपमा हेर्दा यो प्रतिशत सबैभन्दा बढी (३८.५) गण्डकी प्रदेशमा र सबैभन्दा कम (२८.७) कर्णाली प्रदेशमा रहेको छ।

अन्त्यमा, राष्ट्रिय कृषि गणना २०७८ सफलतापूर्वक सम्पन्न गर्न योगदान गर्नु हुने उत्तरदाता, सञ्चारकर्मी लगायत आम जनसमुदायको उच्च सम्मान र कदर गर्दै सार्वजनिक गरिएका दिगो विकास लक्ष्यको सूचक ५.१ सम्बन्धी यी तथ्याङ्कलाई सञ्चार माध्यमबाट सरोकारवाला र आम प्रयोगकर्तासम्म पुऱ्याउन सहयोग मिल्ने अपेक्षा राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको छ।

मंसीर १४, २०८०

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौं।


हार्दिक अनुरोध।

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडापखाला लाग्ने लक्षणहरु देखिएमा इनफ्लुएन्जा ए, (H1N1) स्वाइनफ्लु पनि हुनसक्छ। तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जचाई समयमा नै उपचार गराउनु हुन अनुरोध गरिन्छ।

नेपाल सरकार
शुक्रराज ट्रपिकल तथा
सरुवा रोग अस्पताल

# पशुपालन गरेर स्वरोजगार बन्न युवाहरूलाई अवसर



डा.लोकनाथ पौडेल

**पृष्ठभूमि :**

कोरोना भाइरसका कारण लाग्ने नयाँ खालको रोग कोभिड-१९ सर्वप्रथम सन् २०१९ नोभेम्बर १७ (१ मंसीर २०७६मा चीनको उहानमा देखिएको थियो भने यसको अनुसन्धान गर्दै(गर्दा चिनियाँ अधिकारीहरूले सन् २०१९को दिसेम्वरको शुरुतिरै मानिसमा यसकारण देखिएको पत्ता लगाएका थिए । विश्व स्वास्थ्य संगठनले अन्तर्राष्ट्रिय स्तरमा जनस्वास्थ्यमा आकस्मिक तथा ठूलो प्रभाव पार्छ भनि २०२०को जनवरी ३०, (१६ माघ २०७६)मा घोषणा गरेको थियो । त्यसपछि महामारी रोगको रूप लियो भने २०२० को मार्च ११ (२८ फागुन २०७६) मा घोषणा गरी विश्वभरका सम्वद्ध सबै सरोकारलाई समेत तथा सतर्कताका लागि अनुरोधसमेत गरेको थियो । कोभिड(१९ महामारीको प्रक्षेपण गर्दै चीन सरकारले २३ जनवरी २०२० (९ माघ २०७६) मा उहान तथा हनोईका अन्य शहरहरूमा समेत (लक डाउन) (कार्य) शुरुमा गरेको थियो । त्यस कार्यको प्रभावले रोगलाई नियन्त्रणमा ल्याउन सफल भएपछि अहिले मे २०२० ( २६ चैत्र २०७६)मा उहानमा लक डाउन हटाइएको थियो ।

उहानमा अध्ययन गर्न गएका विद्यार्थीहरु ३१ मंसीर ९ जनवरीमा २०२० (२४ पुस २०७५) मा नेपाल फर्के, त्यस्तै २३ जनवरी २०२० (९ चैत्र २०७६) मा कोभिड-१९को सङ्क्रमण पुष्टि भई पहिलो विरामी नेपालमा प्रमाणित भएको थियो । दोस्रो विरामी २३ मार्च २०२० (चैत्र १०, २०७६) मा फेला परेका थिए । कोभिड(१९को माहामारीबाट जोगिनका लागि अन्य देशहरूले जस्तै नेपालले पनि २४ मार्च २०२० (चैत ११, २०७६)देखि बन्दाबन्दी ( लकडाउन) घोषणा गरी यो माहामारी रोगलाई नियन्त्रणमा ल्याउन आफ्नोतर्फबाट प्रयास गरेका थिए ।

विश्वभरमा २६ जुन २०२० (१२ आषाढ २०७७) सम्ममा २१६ देशमा जम्मा ९६.३३८९८ जना संक्रमित भएको पाइएको छ भने ४,९०,४९४ जनाले यो रोगको कारणले मृत्युवरण गरिसकेको विश्व स्वास्थ्य संगठनको आधिकारिक सूचनामा उल्लेख गरिएको थियो । नेपालमा १२ असार २०७७ सम्म ७७ मध्ये ७६ जिल्लाका ११.७५५ जना यो रोगबाट सङ्क्रमित भएको २६९८ जना निको भई घर फर्केका थिए । त्यतिबेला ८ जना वरिष्ठ पशु चिकित्सकले ज्यान गुमाइसकेको थिए । कोभिड-१९ बाट नेपालमा संक्रमित हुनेको संख्या अन्य देशको तुलनामा हालसम्म कम भए तापनि विगत २/३ हप्तादेखि सङ्क्रमितको सख्यामा आएको वृद्धिदरलाई विश्लेषण गर्दा नेपालमा पनि यो रोगले महामारीको रूप लिने प्रशस्त सम्भावना भएका थिए ।

दोस्रो विश्वयुद्ध पछिको सबैभन्दा भयावह स्थितिको रूपमा चित्रण गर्दै कोभिड-१९ ले विश्व भरमै आर्थिक मन्दी ल्याउने विषयमा अमिलो पैरवी गर्दै आएका छन् । नेपालले आ.म. २०७६/७७ मा आर्थिक वृद्धिदर भन्दा यही हुने लक्ष्य राखेको भए तापनि अन्य कतिपय कारणका साथै कोभिड(१९को कारण कृषि, पर्यटन, उद्योग, मैदेशिक रोजगारीलगायतका क्षेत्रमा ठूलो असर पर्न जाँदा त्यस वर्षको आर्थिक वृद्धिदर २.५ भन्दा पनि कम हुने आंकलन विश्व बैंक, एसियाली विकास बैंकलगायत नेपाल सरकार, अर्थ मन्त्रालयका साथै अन्य समुद्र क्षेत्रबाट गरिदै आएको थियो ।

आ.ग. २०७५/२०७६ मा नेपालका कुल गार्हस्य उत्पादन ३४,६४,३१, ९० साल भएको मध्ये कृषि क्षेत्रबाट २६.९७ र गैह्र(कृषि क्षेत्रबाट ७३.०२ रहेको सन्दर्भमा करिब दुई तिहाई जनसंख्या कृषिमा संलग्न रहेको अवस्थामा नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्वपूर्ण रहँदै आएको छ ।

कोभिड-१९ को शहरतिर : कृषिजन्य उत्पादनहरू (दूध, मासु, तरकारी, फलफूल आदि)मा

पनि आत्मनिर्भर नभैसकेको नेपालको हालको अवस्थामा कृषि क्षेत्रलाई विशेष प्राथमिकता नदिने हो भने

पनि कोभिड-१९को लहरसँगै भोकमरीको प्रहारसमेत नेपालले भोग्नुपर्ने कुरामा दुईमत हुन सक्दैन ।

कोभिड(१९ सँगै कृषि तथा पशु विकास क्षेत्रको विकास नेपालको लागि नभई नहुने विषय बनेको छ ।

नेपालमा ३०,९१,००० हेक्टर जमिनमा खेती गरिएको छ । जुन जम्मा क्षेत्रफलको करिव २१ प्रतिशत हो । खेती नगरिएको तर खेतीयोग्य जमिन करिव १०,०३,००० हेक्टर (कूल क्षेत्रफलको करिव ७७ प्रतिशत) । खेती गरिएको भनिएको जग्गामा पनि घोषित सिंचाई, मलखाद, उन्नत विउविजन नवीनतम् प्रविधि बजार सञ्जाल आदिको समुचित व्यवस्था हुन नसक्दा अन्य देशका तुलनामा नेपालमा कृषिजन्य उत्पादनको उत्पादकत्व कम हुँदै गएको छ ।

उन्नत जातको पशुनश्लको विकास गर्न प्रविधि पहुँच, बजार सुनिश्चितताको कृषि व्यवसायीकरण तथा आधुनिकीकरणको प्रभाव अधिक उत्पादन लागत, श्रम शक्तिको प्रभाव, लगानीको सुरक्षा, प्रतिफलको अस्थिरताजस्ता समस्याहरूले गर्दा पशुसेवाको क्षेत्र समेत अपेक्षित सफलता प्राप्त गर्न सकेको छैन । विशेष गरी उर्जाशील श्रमशक्तिको विदेश मोह, पशुपालनमा युवाहरूको विकर्षण, पशुपालनमा लाग्ने कृषकहरूलाई राज्यको तर्फबाट पुर्‍याउने सहुलियत ऋणको व्यवस्था परियोजनालाई नै धितो राखी कर्जा प्रवाह गर्न पनि वित्तिय संस्थाहरू निष्कृय रहनु जस्ता सास्वत समस्याहरूले गर्दा नेपालमा पशु विकासले अपेक्षित गति लिन सकेको छैन ।

कोडिड-१९को महामारीको कारण ठूलो संख्यामा नेपाली युवाहरू विदेशबाट स्वदेश फर्कको हालको समस्यामा साच्ची नै नेपाल सरकारले घोषणा गरेको 'समृद्ध नेपाल, सुखी नेपाली" को नारालाई साकार पार्न तथा हालै मात्र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अगाडि सारेको 'संरक्षित कृषि, सुनिश्चित बचत'को अवधारणालाई चरितार्थ पार्नका लागि पशु सेवा एक महत्वपूर्ण क्षेत्र हुनसक्छ । यसका लागि कृषि तथा पशुपन्छी विकास क्षेत्रलाई महत्वपूर्ण जगका रूपमा स्वीकार गर्दै विदेशबाट फर्किएका

युवाहरुलाई पशुपालनका क्षेत्रमा संलग्न गराउन तपसिलका बुँदाहरूमा ध्यान दिई कार्यक्रम अगाडि बढाएमा पशु सेवा क्षेत्रले फड्को मार्न सक्ने कुरा निश्चित छ ।

१. फार्ममा परियोजनालाई नै धितो राखेर सस्तो तथा सुलभ पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने व्यवस्था मिलाउने,

२. गुणस्तरीय पशुपन्छीको निश्चितता गर्ने, गुणस्तरीय र उपयुक्त जातको पशुको विर्यको उत्पादन र वैज्ञानिक पद्धतिमा आधारित भई वितरणको व्यवस्था मिलाउने,

३. खेर गएका पाखाबारी पर्ति जग्गालगायतका क्षेत्रमा व्यवसायिक घाँस उत्पादन र बिक्री वितरणको व्यवस्था मिलाउने,

पशु रोगको निदान, नियन्त्रण र रोकथामको समुचित व्यवस्था मिलाउने,

४. सहज र सर्वसुलभ पशु विमाको व्यवस्था गर्ने,

५. पशुपन्छी तथा पशुजन्य उत्पादनको सुनिश्चित बजारको व्यवस्था मिलाउने,

६. पशुजन्य उत्पादनको समर्थन मूल्यको व्यवस्था गर्ने,

७. उपयुक्त निकास र विस्तारमा जोड दिने,

८. आवश्यकताको पहिचान गरी सहभागितामूलक र व्याहारिक सीप हासिल गर्न सक्ने तालिमको व्यवस्था गर्ने,

११. स्वदेशी उत्पादनको उपयोग तथा प्रवर्द्धनमा विशेष व्यवस्था मिलाउने ।

वर्तमान सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा कृषि उत्पादनको समर्थन मूल्य तोक्ने बचत कार्यक्रम, सुलभ तथा सहज व्यवस्थापन गर्ने, पशु विमामा सहजता, बजारको व्यवस्था गर्ने जस्ता कार्यक्रमका माध्यमबाट समृद्र नेपाल सुखी नेपालको कल्पना गरिएको वर्तमान अवस्थामा पशुपालन क्षेत्रमा लाग्ने युवाहरूलाई समसामायिक सल्लाह दिने । कोभिड-१९को माहामारीका कारणले स्वदेश फर्किएका तथा स्वदेशमा नै बसी आफ्नो जोस, जाँगर, सीप र मेहिनेतको प्रयोग गरी पशुपालनलाई आफ्नो व्यवसायिक रूपमा अंगिकार गर्न इच्छुक युवाहरूलाई निम्नानुसार गर्नु हुन अनुरोध गरिन्छ ।

१. आफ्नो स्थान विशेषको आवश्यकता र सम्भावना भएका उपयुक्त जात (गाई, भैंसी, बाखामा अन्य को छनौट गर्ने । यसका लागि नजिकको स्थानीय तहमा भेटेरीनरी अस्पताल तथा पशु सेवा क्षेत्रमा सम्पर्क गरी राय सल्लाह लिने ।

२. उत्पादन लागत घटाउन घाँसमा आधारित पशुपालनमा जोड दिने । विशेष गरी हिउँदमा जे पर्सिम, भेच जातका उन्नत घांस, गृष्म ऋतुमा सवारी अनुदान, बजार, थोडी जस्ता घांस, वर्षा ऋतुमा स्टाइल नेपियर, सिओ(३ सिओ(४, सेटेरिया मोलाटो, माटेमाला, मोलासेस, फोरेज पिनट जातका उन्नत पोषक साथै बदहर, इपिलइपिल, कोइराला, टाकी, मिलो बकाइनोजस्ता दाले घाँसका बिरुवाहरू लगाउने । आवश्यक विउ तथा बेर्नाका लागि नजिकको स्थानीय तहको पशु सेवा शाखामा सम्पर्क राख्ने ।

३. "रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु राम्रो "भन्ने सिद्धान्त अनुसार पशुहरूमा समयसमयमा खोप लगाउने । जैविक सुरक्षा तथा असल पशुपालन अभ्यासको सिद्धान्तलाई व्यवहारमा ल्याउने ।

४. समूह/सहकारीमा आवद्ध भई पशुपालन गर्ने । यसो गर्दा सामाजिक सौदावाजीका लागि जस पुग्ने मात्र होइन उत्पादनदेखि बजारीकरणसम्मका सबै मूल्य अभिवृद्धिहरूमा सफलता हासिल हुनसक्छ ।

५. उत्पादनको मूल्य अभिवृद्धिका साथै बजारको सहजताका लागि उत्पादनको विविधीकरणमा जोड दिने ।

६. सबै पशुको अनिवार्य रूपमा बिमा गर्ने नेपाल सरकारले विमाको प्रिमियममा ७२ अनुदान दिएकोले यसको पूर्ण रूपमा सदुपयोग गर्ने ।

७. उत्पादनको लागत कम गर्न व्यवसायमा आधुनिकीकरण तथा मेशिनको प्रयोगमा जोड दिने

८. विश्वव्यापी रूपमा दिनानुदिन परिस्कृत हुँदै गएको प्रविधिमा पहुँच पुऱ्याउन समय समयमा तालिम, अवलोकन भ्रमण आदिमा भाग लिन प्रयास गर्ने ।

९. नेपालमा स्थापित भएका उदाहरणीय फार्महरु उदाहरणका लागि कामधेनु गाई फार्म, व्यासी, गोरखा, लुम्बिनी एग्रो तथा रिसर्च फार्म, टिकुलीगड, रूपन्देही, उमादेवी पशु विकास फार्म तिलोत्तमा रूपन्देही उन्नत गाई फार्महरू, मुकुन्दपुर पूर्वी नवलपरासी, अन्यपूर्ण गाई फार्म लालीगुँरास गाई फार्म, चितवन खाद्य एग्रो (वोयर बाखा) फार्म, चितवन, वोयर बाखाका फार्महरु सैनामैना, रूपन्देही, बगैंचा बाखाफार्म नवलपरासी उन्नत भैंसी विकास फार्म, लाहाचोक, पोखरा, आदिका आदरणीय प्रोप्राइटर व्यवस्थापकहरूसँग सम्पर्क राखी व्यवहारिक ज्ञान र अनुभव प्राप्त गर्न कोशिस गर्ने । त्यसैगरी मुकुन्दपुरको घाँसको बिउ उत्पादन केन्द्र (गोपाल दुलाल फार्म), गुणावरी तनहुँको (कामदेव फार्म) लगायतका उन्नत घाँस स्रोतहरूमा सम्पर्क राखी उन्नत सेवाको बिउ बेर्ना, सेट्स तथा व्यावहारिक ज्ञान पनि प्राप्त गर्न सकिन्छ ।

१०. साना तथा मझौला फार्महरू उत्पादन विविधीकरणमा लागेका व्यक्तिहरू उदाहरणका लागि देउराली टुर्सी उद्योग, पाणिनी गाउँपालिका, पटौटी, अर्घाखाँची सामुदायिक चोरमारा प्रजनन् केन्द्र अर्घाखाँची लगायत स्थानहरू व्यावहारिक ज्ञान, सीप र प्रविधिसमेत प्राप्त गर्न सकिन्छ

११. यसरी सही व्यापार, सही घरबार भन्ने सिद्धान्त जस्तै गरी निरन्तर रूपमा ईमान्दारिता र लगनशीलताका साथ व्यावसायिक पशुपालन पेसामा संलग्न हुने हो भने पहिलेदेखि भन्दै आएको खेती उत्तम, मध्यम व्यापार र जागिर चाकरी भन्ने उखानलाई चरितार्थ युवाहरूलाई आशातित सफलता प्राप्त हुन सक्दछ ।

निष्कर्ष :

कोमिट(१९ महामारी पुऱ्याएको क्षेति र हालै लम्पी स्किन जस्ता महामारीबाट जोगाउन, तहसनहस हुने गरी हुने क्षतिको कम गर्न समयमै आवश्यक तयारी गरि अवस्था र स्थितिलाई शिक्षाको रुपमा लिएर पशुपालनमा लाग्न सके नेपालको कृषिलाई व्यावहारिक रूपमा प्राथमिकतामा राखी कृषि कार्यक्रम अगाडि बढाउनु पर्छ ।

महामारी रोगका कारणले गर्दा विदेशबाट नेपाल फर्केका लाखौं युवाहरूलाई विदेश जानबाट रोक्न साथै स्वदेशमा नै बसी उल्लेखनीय प्रगति गर्न युवाहरूसमेतको व्यावसायिक पशुपालनमा लाग्नु आजको आवश्यकता हो । यसो भएमा विदेशमा आफ्नो सक्रिय जीवन बिताई, रगत र पसिनाको श्रम गर्नुको सट्टा स्वदेशमा नै आफ्ना परिवारका सदस्यसँग हाँसीखुसी काम गर्ने सके पशुजन्य उत्पादन बढाई देशलाई आत्मनिर्भर बनाउने मात्र होइन निर्यात प्रवर्द्धनमा समेत सहयोग गर्न सकिन्छ । यसका लागि नेपाल सरकार, गैह्र(सरकारी संस्थाहरू, नागरिक समाज, सहकारी, समूह तथा समिति लगायत सबै सरोकारवालाहरू कोभिड-१९र लम्पी स्किन महामारीसँग जुध्नको पशुपालन पेशालाई एक सम्मानित पेसा बनाउन अग्रगामी पहल गरेमा नेपालको पशु विकास क्षेत्रले फड्को मार्ने कुरामा दुईमत हुँदैन ।

*लेखक कृषि विज्ञ हुनुहुन्छ ।*

# कृषि प्राविधिक शिक्षाः अवसर र अवस्था

कृषि कार्यमा जनसंख्याको अनुपात राम्रो देखिएपनि दक्ष जनशक्तिको अभाव भने जहिले पनि कमी भईरहेको छ। स(सानो क्षेत्रमा काम गर्न, कृषि कामदारको रूपमा काम गर्न नचाहने कृषि पढे लेखेका जनशक्तिको कारण पनि कृषिमा जनशक्तिको अभाव देखिएको हो। जसको लागि पढेलेखेकाहरूले कृषि कर्म गर्ने हो भने देशमा कुनै प्रकृतिको जनशक्ति अभाव नहुने



देखिन्छ।

२०७५ साल भन्दा पहिला प्राविधिक एसएलसी प्री डिप्लोमा (टिएसएलसी) तर्फको १८ महिनाको कृषि बाल विज्ञान र सोही अवधिकै पशु विज्ञान अध्ययनको लागि विद्यार्थीहरूले पहिला प्रवेश परीक्षा दिनुपर्ने व्यवस्था थियो। प्रवेश परीक्षा उर्त्तीण गरेपश्चात मात्रै विद्यार्थीहरूले अध्ययन गर्न पाउँथे। प्रति शिक्षालय ४० जनाको मात्रै कोटा निर्धारण गरिएको कारण पनि विद्यार्थीहरू सयौंको संख्यामा प्रवेश परीक्षा दिन्थे।

तर, अहिले त्यस्तो अवस्था छैन। विद्यार्थीहरू अध्यापन गराउने ४० जना पनि प्रवेश परीक्षा दिन नआएपछि लुम्बिनी प्रदेशका अधिकांश निजी स्तरका प्राविधिक एसएलसी अध्यापन गराउने शिक्षालयहरूले कार्यक्रम नै बन्द गरेका छन्।

आर्थिक बर्ष २०७९/८० मा प्राविधिक शिक्षा तथा व्यवसायी तालिम परिषद् लुम्बिनी प्रदेश कार्यालयका अनुसार प्री डिप्लोमा तर्फ १३ वटा शिक्षालयले कृषि विज्ञानको कार्यक्रम नै बन्द गरे। सोही आर्थिक वर्षमा भेट साईन्सतर्फ पनि ७ वटा शिक्षालयले कार्यक्रम नै बन्द गरेका छन्।

डिप्लोमा लेवल तर्फ पनि कृषि विज्ञानको १९ वटा शिक्षालयहरूले कार्यक्रम बन्द गरेका छन् भने एनीमल साईन्स तर्फका १३ वटा शिक्षालयहरूले कार्यक्रम नै बन्द गरेका छन्। लुम्बिनी प्रदेशमा प्राविधिकधारका विद्यार्थीहरू सिटीईभीटीका आंगिक १० वटा, टेक्स कार्यक्रम अन्तर्गतका १०४ वटा, नीजी स्तरबाट ७० वटा शिक्षालयहरूले विभिन्न कार्यक्रम चलाउँदै आएका छन। यसमा साझेदारी शिक्षालयहरू ४ वटा रहेका छन्। ती सबैमा प्राविधिक धारको अध्यापन हुँदै आएको हो।

सिटीईभीटी लुम्बिनी प्रदेश कार्यालयका सूचना अधिकृत तेज प्रताप दुवेका अनुसार विद्यार्थीहरूको संख्या दिन प्रतिदिन घट्दै छ। यो शैक्षिक सत्र २०८०/८१ मा भर्ना हुने विद्यार्थीहरूको संख्या पनि ज्यादै न्यून् छ। चालु शैक्षिक सत्रमा जम्मा प्रि डिप्लोमा तर्फ ५ सय २० जना विद्यार्थीको कोटा १३ वटा मात्रै शिक्षालयमा रहेकोमा जम्मा १५९ जना मात्रै विद्यार्थी भर्ना भएका छन्।

भेटनरी तर्फ प्रि डिप्लोमा ६ वटा मात्रै शिक्षालयमा कार्यक्रम सञ्चालित छ भने १५ वटा शिक्षालयले कार्यक्रम बन्द गरेका छन्। जसमा कुल २ सय ४० जना विद्यार्थीको कोटा रहेकोमा जम्मा ८८ जना विद्यार्थी भर्ना भएका छन्। अघिल्लो शैक्षिक सत्रमा भेटनरी तर्फ प्रि(डिप्लोमा तर्फ २८० कोटामा जम्मा ९० जना, कृषि तर्फ ५२० कोटामा जम्मा २१३ जना विद्यार्थी भर्ना भएका छन्। यो एउटा उदाहरण मात्रै हो। कृषि तथा पशुविज्ञान तर्फ प्रि(डिप्लोमा र डिप्लोमा तहको अध्ययन गर्ने विद्यार्थीहरूको रुची छैन। स्नातक तह उर्त्तीण गरेका विद्यार्थीहरू समेत रोजगारविहीन भएपछि पछिल्लो समयमा विदेश समेत पलायन भएका छन्।

देश संघीयतामा विभाजन भएपश्चात लामो समयदेखि लोक सेवा आयोगले अधिकृतस्तरको विज्ञापन नै खोलेन। खोलेपनि संघीय कार्यालयहरू केही सीमित मात्रामा भएका, अधिकांश गाभिए र समायोजन भई प्रदेश र स्थानीय तहमा गएको कारण पनि संघ अन्तर्गतको लोक सेवा आयोगले लामो समयदेखि चौथो स्तर (नायव प्राविधिक सहायक) र अधिकृतस्तरका विज्ञापन नै खोलेन। पछिल्लो केही वर्ष यता मात्रै प्रदेशमा स्थापना भएका प्रदेश लोक सेवा आयोगले केही मात्रामा विज्ञापन खुलाएको भएपनि त्यसको नतिजा नै आउनको लागि लामो समय लाग्ने गरेको छ। जसको कारण पनि अध्ययन पुरा गरेका अधिकांश विद्यार्थीहरू वेरोजगार बनेका छन।

कृषि तर्फको प्रि(डिप्लोमा (१८ महिना) र डिप्लोमा तहको ३ वर्ष कोर्ष पढ्ने विद्यार्थीहरूको खडेरी नै लाग्ने गरेको पाइएको छ। भेटेरिनरी तर्फका डिप्लोमा तर्फको केही विद्यार्थीहरूको रहेपनि प्रि( डिप्लोमा तर्फ भने विद्यार्थीको खडेरी नै लागेको कारण अधिकांश निजीस्तरका शिक्षालयहरूले कार्यक्रम नै बन्द गरेका छन्। प्रदेश र स्थानीयस्तरमा कृषि तथा पशु तर्फका कर्मचारी व्यवस्थापनको काम प्रदेश लोकसेवा आयोगले गर्दै आएको छ। तर लामो समयदेखि स्थानीय तह प्रदेशमा कृषि तथा पशु, मत्स्य लगायतका प्राविधिक विषयमा कुनै भारी मात्रामा आपूर्ति हुन सकेको छैन।

प्रदेश लोकसेवा आयोगले स्थानीयस्तरबाट रिक्त रहेको कोटा विषयमा माग गरेपनि सम्बन्धीत पालिकाहरूले पहिला नै करार दरबन्दीमा मानिस भर्ना गरेर राखेको कारण रिक्त कोटामा दरबन्दी नै नमाग्ने गरेको समेत पाइएको छ। जसको कारण केही सीमित संख्यामा विज्ञापन मागीदा सयौं, हजारौंको संख्यामा आवेदन पर्ने गरेको पाइएको छ।

केही समय पहिला लुम्बिनी प्रदेशको प्रदेश लोक सेवा आयोगले सहायक स्तर चौथो तहको (नायव प्राविधिक सहायक) कृषि तर्फको २२ जना कोटामा आवेदन मागेको

थियो । जसमा १३ हजार भन्दा बढिले आवेदन दिएका थिए । परीक्षामा सहभागी ८ हजार भन्दा बढि रहेको बताईन्छ । जसमा अधिकांश स्नातक तह माष्टर तह पूरा गरेका विद्यार्थीहरू रहेको बताइएको छ । लामो समयदेखि रोजगारविहीन भएर अध्ययन पुरा गर्दै बसेका अधिकांस विद्यार्थीहरूको संख्या थपिदै जाँदा स(सानो क्षेत्रमा पनि हजारौंको संख्यामा आवेदन पेश हुने गरेको पाइएको हो ।

कृषि तथा पशुपालन सम्बन्धी शिक्षा नेपाली माटो अनुसारको शिक्षा समेत हो । तर पढेर नै कृषि क्षेत्रमा काम गर्ने युवा पुस्ताको भने अभाव छ । नेपालमा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्याको ६५.६ प्रतिशत जनसंख्या कृषिमा आत्मनिर्भर रहेको भन्ने पाईन्छ । तर कृषि क्षेत्रमा काम गर्ने गरी शैक्षिक जनशक्ति उत्पादन भएपनि त्यसको उपयोग भएको पाइदैन । केही एकाध रूपमा कृषि नै पढेर पेशा नै बनाएर अवलम्बन गर्ने युवाहरूको संख्या रहेपनि त्यहाँ नगन्य मात्रामा छ ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालमा नेपालमा जम्मा ४१,३०,७८९ कृषक परिवारले २२,१८,४१० हेक्टर जग्गामा कृषिकार्य गरेको देखाएको छ । लुम्बिनी प्रदेशमा ७,६५,०९२ कृषक परिवारले ४,२६,६१४ हेक्टर र रूपन्देही जिल्ला १,१७,३३३ कृषक परिवारले ६५,५५५ हेक्टर जग्गामा कृषि कार्य गरेको देखिएको छ । कृषि गणना २०७८ अनुसार नेपालमा जम्मा घरपरिवारमध्ये ६२ प्रतिशत कृषक परिवार रहेको पाइएको छ भने अघिल्लो कृषि गणनाले यस्ता कृषक परिवारको प्रतिशत ७१ देखाएको थियो ।

कृषि कार्यमा जनसंख्याको अनुपात राम्रो देखिएपनि दक्ष जनशक्तीको अभाव भने जहिले पनि रहेको छ । स(सानो क्षेत्रमा काम गर्न, कृषि कामदारको रूपमा काम गर्न नचाहने कृषि पढे लेखेका जनशक्तिको कारण पनि कृषिमा जनशक्तिको अभाव देखिएको हो । जसको लागि पढेलेखेकाहरूले कृषि कर्म गर्ने हो भने देशमा कुनै प्रकृतिको जनशक्ति अभाव नहुने देखिन्छ । खासगरी अदक्ष र अर्धदक्ष जनशक्तिको अभाव कृषिमा बढि छ । यसको साथै दक्ष जनशक्तिले पनि कामदार सरह कृषि क्षेत्रमा ठोस काम गरेको पाईदैन । जसले गर्दा पनि कृषि क्षेत्रमा अवसर भएपनि काम गर्ने प्रवृत्तीको अभाव रहेको हो ।

*कृषि गणना रिपोर्ट २०७८*

# तीन दिने कृषि यान्त्रीकरण प्रदर्शनी सम्पन्न

नेपाल कृषि मेशिनरी व्यवसायी संघ (नामिया)ले आयोजना गरेको प्रथम प्रादेशिक कृषि यान्त्रीकरण प्रदर्शनी सम्पन्न भएको छ । तीन दिनसम्म चलेको मेलाको करिव ३० हजारले अवलोकन गरेका छन् ।

कृषि यान्त्रीकरणको अवलम्बन, कृषि कार्यमा परिवर्तन नारा सहित शुक्रबारदेखि पोखराको नयाँबजारस्थित पोखरा प्रदर्शनी केन्द्रमा जारी मेलाको आइतवार बेलुका एक कार्यक्रमकाबिच समापन गरिएको हो । प्रदर्शनी कार्यक्रम सोचे जतिकै भव्य भएको नामियाका अध्यक्ष कृष्ण शर्माले बताए । "हामीले कृषि यान्त्रिकरणको प्रवर्द्धन गर्ने उद्देश्य सहित हरेक दुई वर्षमा गर्दै आएको यो प्रदर्शनी पहिलो पटक प्रदेशस्तरमा गरिएको छ हो ।" समापन कार्यक्रममा बोल्दै उनले भने, "सरकारी तथा गैर सरकारी क्षेत्र सबैको साथ, व्यापारी र अवलोकनकर्ता सबैको भव्य र उत्साहपूर्ण सहभागिताले हाम्रो कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।"

तीन दिनमा कुल ५५ लाख बढीको मेसिनरी किनवेच प्रत्यक्ष कारोबार भएको तथा ६ करोडको बुकिङ भएको नामियाका कोषाध्यक्ष कृष्ण अधिकारीले जानकारी दिए । पोखरामा सम्पन्न मेशिनरी प्रदर्शनीमा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रर्वद्धन केन्द्र, कृषि विकास निर्देशनालय, गण्डकी र पोखरा महानगरपालिकाले पनि आयोजकको रुपमा साथ दिएका थिए ।

समापन कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले आवश्यकता अनुसार कृषिको क्षेत्रमा वजेट विनियोजन गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । कृषि भनेको कहिले पनि नहराउने पेशा भएका कारण यसलाई विकास गर्नका निम्ति निरन्तर काम गरिरहनु पर्ने उनले बताएका थिए ।




कृषि भनेको सँधै रहिरहने पेशा हो, यसलाई निरन्तर रुपमा विकास गर्दै लैजानुपर्छ । "यो विषयलाई हरेक पालिकाले मनन गरेर एक वडा एक योजना अनुरुप काम गर्दै आएको छ । ती मध्ये पोखरा महानगरपालिका पनि एक हो, हामीले आजसम्म गरेका प्रयासलाई निरन्तरता दिदै अगामी दिनमा आवश्यकता अनुसार कृषि क्षेत्रको लागि वजेट विनियोजनमा वृद्धि गराउँदै लाने जानकारी पनि गराउन चाहन्छु ।"

यस्ता कार्यक्रमहरूलाई सरकारले अगाडि बढाउनु पर्नेमा नामिया जस्तो संस्थाहरूले पहल गरिरहेकोमा पनि मेयरले धन्यवाद ज्ञापन गरेका थिए ।

तीनदिने प्रदर्शनीको समीक्षा गर्दै नामियाका सचिव गौरव श्रेष्ठले कार्यक्रम भव्यताका साथ सम्पन्न भएको घोषणा गरे । कार्यक्रम निकै नै उत्साहजनक रह्यो । सोचेजस्तै कार्यक्रमको मुख्य आकर्षण स्वदेशी उत्पादनहरू नै रहेको बताए ।

नामियाले पहिलो पटक प्रदेश स्तरबाट आयोजना गरेको यो कार्यक्रम उत्साहपुर्ण रुपमा समापन भएको भन्दै उनले मिनि

ट्याक्टर, कुल रुम, टेलर मसिन लगायतका सामग्रीहरू कार्यक्रमको मुख्य आकर्षण भएको बताए ।

कार्यक्रममा कुल ६० कम्पनीले ७० वटा स्टल प्रदर्शनीमा राखेको थियो । उक्त ७० स्टल मध्ये नौ वटा मेड इन नेपाल पभेलियन अन्तर्गत थियो भने १५ वटा रैथानी बालीको स्टल थियो । यस्तै दुई वटा विदेशी स्टल पनि रहेको थियो ।

नामियाका महासचिव अर्जुन लुइँटेलले प्रदेशस्तरिय कार्यक्रमलाई निरन्तरता दिदैं दोस्रो प्रदेश स्तरको कृषि यान्त्रीकरण प्रदर्शनी मधेश प्रदेशमा गर्ने गरी तयारी भइरहेको बताए । पोखराको प्रर्दशनीमा १० भन्दा बढी मुलुकका एक हजार भन्दा बढी प्रकारका कृषियन्त्र, औजार, उपकरण तथा प्रविधिहरु अवलोकन तथा खरिदका लागि राखिएका थिए ।

प्रर्दशनीमा मेड इन नेपाल स्टलसँगै कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी गोष्ठीरसेमिनार, रैथाने बालीहरुको परिकार प्रदर्शन तथा कृषि जैविक विविधता संरक्षण सम्बन्धी प्रदर्शनी, रैथाने बाली एवं कृषि जैविक विविधता संरक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया सम्पन्न भएका छन्। एकै थलोमा कृषि सम्बन्धी आधुनिक प्रविधि, विभिन्न कृषि औजार, उपकरण, यन्त्रहरु तथा सेवाहरुको बारे जानकारी गराउन यो प्रर्दशनी आयोजना फलदायी भएको आयोजकको निष्कर्ष छ ।

नेपालको कृषि तथा पशुपालन क्षेत्रलाई यान्त्रीकरण, औद्योगिकरण, आधुनिकीकरण तथा व्यवसायीकरण गर्न टेवा पुऱ्याउने उद्देश्यले आयोजना गरिएको यस प्रदर्शनीमा आधुनिक कृषि, पशुपालन, मत्स्यपालन, पुष्प खेती, व्यवसायीक तरकारी खेती र प्रशोधन तथा बजारीकरण सम्बन्धी आधुनिक यन्त्र, उपकरण तथा प्रविधिका सामाग्री, बीउविजन, आधुनिक सिँचाई लगायतको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा रहेका प्रतिष्ठित कम्पनीहरुको सहभागिता रह्यो। संघको आयोजनामा यसअघि पहिलो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी, २०७० चितवन, दोस्रो राष्ट्रिय कृषियान्त्रीकरण प्रदर्शनी, २०७२ कोहलपुर बाँके, नेपाल एग्रिटेक इन्टरनेशनल एक्स्पो २०१७, भृकुटिमण्डप, काठमाडौ, तेस्रो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी, २०७४ धरान र चौथो राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी २०७६, चितवन, सलोम पाँचौ राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनी, २०७८ सम्पन्न गरिसकेको छ ।

*एकै थलोमा कृषि सम्बन्धी आधुनिक प्रविधि, विभिन्न कृषि औजार, उपकरण, यन्त्रहरु तथा सेवाहरुको बारे जानकारी गराउन यो प्रर्दशनी आयोजना फलदायी भएको आयोजकको निष्कर्ष छ ।*

कृषि औजार, उपकरण, प्रबिधि उत्पादक उद्यमी व्यवसायीहरु, आयातकर्ता, वितरक, डिलर, सव-डिलरहरु, सरकारी एवं गैह्र सरकारी संघ संस्थाहरु, कृषि विज्ञ, अनुसन्धानकर्ता, शैक्षिक संस्थाहरु, अनुसन्धान संस्थाहरु, सेवा प्रदायक, कृषक, कृषक समूह, सहकारी संघ संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरु लगायतको मेलामा सहभागिता थियो। प्रदर्शनीको गोल्ड स्पोन्सर एसकेटी नेपाल प्रा.लि. तथा सिल्भर स्पोन्सरमा जी सेभेन एग्रिकल्चर, मुक्तिनाथ विकास बैंक र कृषि विकास बैंक लिमिटेड रहे ।

मेलाको सहयोगी संस्थामा यस प्रर्दशनीको सहयोगी संस्थाहरुमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, हरिहरभवन, नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, हरिहरभवन, नेपाल लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजना, हरिहरभवन, ललितपुर, राष्ट्रिय कृषि ईन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, नबिल बैंक लिमिटेड, सगरमाथा लुम्बिनी लाइभ इन्स्योरेन्स र पोखरा उद्योग बाणिज्य संघ थिए ।

प्रर्दशनीको कम्युनिकेसन पार्टनरमा एसोसिएसन अफ नेपाली एग्रिकल्चरल जर्नलिस्टस् (अनाज) र नेपाल कृषि पत्रकार महासंघ रहेका थिए । सर्भिलियन्स पार्टनरमा जोधनी ईलेक्ट्रो प्रा।लि। र हस्पिटालिटी पार्टनरमा मर्भेरी रिसोर्ट एण्ड स्पा लेकसाइड पोखरा रहेको थियो ।

# नवप्रवर्तन मुखी कृषि प्रणालीको खाँचो छ :प्रधानमन्त्री

काठमाडौ १८ पुस । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको समृद्धिका लागि नवप्रवर्तनमुखी कृषि प्रणालीको खाँचो भएको बताएका छन् । सिंहदरवारस्थित प्रधानमन्त्री कार्यालयमा आज भएको ‘दिगो विकासको वर्तमान अवस्था र भविष्य’ विषयक कार्यक्रममा उनले परम्परागत ढङ्गको कृषि प्रणालीबाट मुलुकको समृद्धि सम्भव नभएको बताए ।

प्रधानमन्त्री दाहालले आधुनिक कृषि प्रणालीको अवलम्बन गरिनुपर्नेमा जोड दिँदै कृषि क्षेत्रको विकासबाट रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा आयात प्रतिस्थापन गर्न सकिने बताए । नेपालको दिगो विकासको मूल आधार कृषि नै रहेको उनको भनाई छ ।

वर्तमान सरकार कृषिलाई मुख्य आधार बनाएर समृद्धिको यात्रामा होमिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सोह्रौं पञ्चवर्षीय योजनामा कृषिको भूमिकालाई प्रतिविम्बित गर्न खोजिएको बताए । आफू पनि कृषिको विद्यार्थी भएकाले उनले कृषिलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए । हरित क्रान्तिका निम्ति भारत सरकारको पहल उदारहणीय रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भारतको उपलब्धि नेपालजस्ता मुलुकले सिक्न लायक रहेको बताए । नेपालको सन्दर्भमा उपयुक्त हुने विषय अनुशरण गर्न तयार रहेको उनको भनाई थियो ।

सो अवसरमा पतञ्जलि योगपीठका महासचिव आचार्य बालकृष्णले दिगो विकासका लागि कृषिको भूमिका सम्बन्धी प्रस्तुति दिँदै कृषि क्षेत्रमा गर्न सकिने कामका बारेमा जानकारी गराएका थिए । उनले दिगो विकासका लागि कृषिमा आधारित काम कसरी गर्न सकिन्छ भन्ने अवधारणा पेस गरेका थिए ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, कृषि तथा पशुपक्षी विकासमन्त्री डा.वेदुराम भुसाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, मन्त्रिपरिषद्का सदस्य, मुख्यसचिव, विभिन्न मन्त्रालयका सचिव लगायतको सहभागिता थियो।

# हानीकारक कीरा नियन्त्रणमा जैविक विषादीको प्रयोग



डा.युवकध्वज जीसी : कृषि विज्ञ

बढ्दो जनसंख्याको खाद्यान्न आवश्यकतालाई पूर्ति गर्न गुणस्तर भन्दा मात्रात्मक उत्पादनमा हाम्रो प्रविधिले जोड दिइरहेको पाइन्छ । तर मात्रा बढाउने सवालमा पनि वातावरण, उपभोक्ता र अन्य जीवहरूको संरक्षणमा हामीले पक्कै भुल्नु हुँदैन । अर्कोतर्फ जैविक विषादी प्रयोग गर्दा सधैं महँगो कृषि र उत्पादन वृद्धि नहुने पनि होइन बरु जैविक विषादीको प्रयोग आम कृषकहरूले गर्दै जादा कालान्तरमा रोग र कीराको विरुवा पटक पटक खर्च गर्नुपर्ने समस्या हुदैन । विकसित राष्ट्रहरूमा उपलब्ध थुप्रै जैविक विषादीको तुलनामा नेपालमा केही मात्र जैविक विषादीहरू उपलब्ध छन् कारण यिनको जानकारी आम कृषकहरूबीच जान नसक्नु र आयतित जैविक विषादीहरू पनि नेपालकै सन्दर्भमा परीक्षण गरी यिनको मापदण्ड निर्धारण नगर्नु रहेका छन् ।

सेतो धुलोको रुपमा उपलब्ध हुने ब्याक्टेरियाजन्य पदार्थ वि.टि. लगायत विभिन्न नामले प्रचलित छ । यी जैविक विषादीहरूका प्रजाति अनुसार कीराका विभिन्न अवस्था र प्रजातिका विरुद्ध यिनको प्रयोग हुन्छ । प्रयोग गरि सकिएपछि यिनीहरूले कीराको शरीरमा पक्षघात समेत ल्याउछन् र यिनको प्रभाव मुख्यतया मध्य आन्द्रा (Mid - gut) मा हुन्छ । भाइरसजन्य जैविक विषादी झोल रुपमा उपलब्ध छन् । कीटनाशक विषादी जस्तो जादुगरी प्रभाव यिनले देखाउन नसकेतापनि यिनको प्रयोगबाट प्रभावित लार्भाहरू केहीदिन पछि मात्र मर्दछन् र मरेका लार्भाहरू टाउको तल पारेर झुण्डिएको अवस्थामा देखा पर्दछन् । यिनीहरू नेपालमा हेली एन.पि.भि., स्पोडो एन.पि. भी. नाममा उपलब्ध छन् । त्यस्तै ढुसीमा आधारित जैविक विषादीहरू मेटाराइजीयम, बुभेरीया इत्यादी बाहिरी देशबाट ल्याई नेपालमा बेचबिखन भई रहेको छ । यी वस्तुहरू माटोमा बसी क्षति गर्ने कीराहरूका विरुद्ध प्रयोग गरिन्छ । यिनको प्रयोग अन्य जैविक विषादीको तुलनामा बढ्दो छ । कारण माटोका कीराहरूको प्रकोप पनि बढ्दो छ र समाधान कठीन छ । यी जैविक विषादी खरीद गर्दा राम्रै रकम बाहिर जाने प्रसस्त सम्भावना छ । तर ढुसीजन्य जैविक विषादीहरूको उत्पादन गर्ने लक्ष्यकासाथ सन् २००२ देखि स्वीस सरकारको सहयोग (हेल्भेटास ( स्वीजरल्याण्ड) र दीगो भु(व्यवस्थापन कार्यक्रम, बखुण्डोल, ललितपुरको संयोजनमा कृषि र पशु विज्ञान अध्ययन संस्थान रामपुर क्याम्पस, चितवनमा कार्य भैरहेको छ । विगत ३ वर्षदेखि प्रयोगशाला हूदै कृषकस्तरमा गरिएका कदमहरूको जानकारी पाठकवर्ग समक्ष राख्नु सान्दर्भिक देखिएकाले ढुसीजन्य जैविक विषादीको उत्पादन तथा प्रयोग विधिबारे यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

उत्पादन प्रकृयामा जानुपूर्व ढुसीजन्य कणहरू प्राप्त गर्नुपर्ने हुन्छ । यसो गर्दा स्वदेशमै प्राप्त ढुसीलाई माटो तथा हानीकारक कीराका शरीरबाट प्राप्त गर्न सकिन्छ । उक्त ढुसीका कणहरूलाई कुनै माध्यममा लैजानुपूर्व उपयुक्त खानामा उत्पादन गर्नुपर्छ । उक्त खानाहरू तयार गर्दा पेप्टोन, ग्लूकोज, अगर प्रयोग गरिन्छ । यी खानाहरूलाई १ सय २० डिग्री सेल्सियससम्म ४० मिनेटसम्म अटोक्लेभ गरिन्छ । यी खानाहरूलाई ६० डिग्री सेल्सियससम्म सेलाई सकेपछि चाहिएको ढुसीदेखि बाहेक अन्य ढुसीहरू वृद्धि नहुन भन्नाका लागि स्ट्रोस्टोमाइसीन, टेट्रासाइक्लिन, साइक्लोहेक्सामाइटा र डोडाइन राखिन्छ । उक्त मेडियालाई तुरुन्त प्लेट अथवा ट्युवमा भरिन्छ र अर्को दिन ढुसीका कणहरूलाई सारिन्छ । उक्त प्लेट अथवा ट्युवहरूमा ढुसी वृद्धि गराउनका लागी २ सय २० सेन्टीग्रेडको चिसो कोठामा तयार खाना (Selective Medium) वा तापक्रम अनुकूलित इन्क्युवेटरमा राखिन्छ ।

जैविक विषादीहरूलाई जमीनसम्म लैजानको लागी धुलो वा झोल वा दानादार कूनैपनि रुपमा तैयार गर्न सकिन्छ जुन माध्यमलाई ( Carriers) भनिन्छ । हाल रामपुर क्याम्पस कीरा रोग इकाईमा गरिएको परिक्षण अनुसार १ सय २० सेन्टीग्रेडमा अटोक्लेभ गरिएको जौका दानाहरूमा ८०५ भन्दा माथि नै पूर्ण रुपले ढुसीले ढाकिएका शुद्ध दानाहरू पाइयो । हालसम्मको नतिजा अनुसार प्रयोगशाला एवं सामाग्रीहरू (Equipments) को क्षमता ( ऋबउबअष्तथ) वृद्धि गरेमा स्वदेशी जैविक विषादीको प्रजातिहरू स्वदेशमै उत्पादन गर्न सकिने मार्ग प्रशस्त भएकोछ ।

विगत केही वर्षदेखि नेपालका विभिन्न क्षेत्रमा मकै वालीमा खुम्रे कीराको बिगबिगी बढ्दो छ । हालसम्म उपलब्ध उपायहरूमा विषादीहरू मात्रको प्रयोग करीब करीब असम्भव भई सकेपछि स्वीजरल्याण्ड सरकारको आर्थिक तथा प्राविधिक सहयोग र रामपुर क्याम्पस रामपुरको कीरा रोग विज्ञान इकाइको पहलमा सन् २००४ र २००५ मा कृषकस्तरमा ढुसीको प्रयोग परीक्षणको रुपमा देशमै प्रथम पटक सम्पन्न गरियो । प्रयोगशालामा ८०५ सम्म कीराहरुमा ढुसीद्वारा मार्न सकिने नतिजा प्राप्त भयो भने कृषकको जमीनमा केवल १५ देखि २ सय ०५ सम्म रोग ग्रसीत लार्भाहरू प्राप्त गर्न सकियो र प्रयोग गरिएको माटो अनुसन्धान तथा विश्लेषण गर्दा ढुसीको मात्र उक्त माटोमा प्रशस्त उपस्थिति रहेकोले पुन उक्त जमीनमा निस्कने लार्भाहरूलाई रोगग्रस्त गराई तिनको संख्या हटाउन सकिन्छ । यसरी जमीनमा प्रयोग गर्दा ४० देखि ६० केजीसम्म ढुसीयुक्त जौ का दानाहरूलाई प्रति हेक्टरका दरले पुग्नेगरी मकै छर्ने समयमा हलोको सियोको पछाडी राखिएको थियो । नेपालको सन्दर्भमा जैविक विषादीको प्रयोग कीरा नियन्त्रणमा नयाॅ आयामको रुपमा देखा परेको छ । यसको सुरुवात ढिलै भएपनि नेपाल सरकारले लिएको दीर्घकालीन कृषि नीति र एकीकृत बाली संरक्षणमा एक महत्वपूर्ण खूट्किलोको रुपमा हुने प्रष्ट छ । आगामी दिनमा यस कार्यलाई अघि बढाउन कार्यगत समूह बनाई कृषि विभाग अन्तर्रगत बाली संरक्षण निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद, नाष्ट तथा अन्य राष्ट्रिय एवं अन्तरर्राष्ट्रिय गैर(सरकारी संघ-संस्थाहरूको संयुक्त पहलमा अघि बढाइएमा ढिलै भएपनि विषादीको विकल्पमा जैविक विषादी उत्पादन र प्रयोग गरी वातावरणमूखी रोगकीरा रोकथाममा दीर्घकालीन टेवा पुऱ्याउन सकिने संभावना छ । जैविक विषादीको प्रयोग एवं प्रविधि कृषकस्तर समक्ष हस्तान्तरण, अनुसन्धान, शिक्षण तथा प्रसार कार्यकर्ताबीच सहकार्य गरी निजी संघ(संस्थाले उत्पादन गर्ने अगुवाई लिई तिनको क्षमता समेत अभिवृद्धि गर्नुपर्ने आजको आवश्यकता छ ।

# दुधे च्याउ खेती प्रविधि : एक नौलो आयाम

**परिचय :**

च्याउ एक प्रकारको खुसी हो र यो सेतो धागोजस्तो प्रकारबाट विकसित हुँदै उपयुक्त वातावरण पाएपछि लुसीको पूर्ण रूप भई च्याउको आकार लिन्छ। यो एक प्रकारको वनस्पति भए तापनि यसमा हरितकण नहुने भएकाले यसले अरू बिरुवाले झैं आफ्नो खाना आफैं बनाउन सक्दैन र सडेगलेका वस्तुहरूमा भएका पौष्टिक पदार्थ खाएर हुर्किन्छ। नेपालको वनमा र खेती गरिदै आएका समेत गरी ७२० प्रजातिका च्याउहरू पहिचान भएतापनि करिब ११० प्रकारका खान हुने च्याउहरू रहेका छन्। नेपालमा हाल खेती गरिदै आएका मुख्य च्याउका प्रजातिहरूमा कन्ये च्याउ, गोब्रे च्याउ, पराले च्याउ, मृगे च्याउ पर्दछन्। यसको खेतीबाट बेरोजगारीलाई रोजगारी, कुपोषितलाई पोषण, गरिबलाई धन प्राप्त हुनुका साथै खेर जाने स्रोतको समेत उचित सदुपयोग हुन जान्छ। च्याउ खानेहरूको संख्या दिनानुदिन बढ्दै जानुले पनि यसको माग बढ्दो छ। कन्ये च्याउको खेती प्रविधि तुलनात्मक रूपमा सहज हुने हुँदा अधिकांश कृषकहरू कन्ये च्याउ उत्पादनमा संलग्न भएको पाइन्छ। तराईमा गर्मी समयमा कन्ये च्याउको उत्पादन गर्न कठिन हुने र कृषकहरू वा महिना च्याउखेतीमा आवद्ध हुन नसक्ने हुँदा एकातिर निर्मित संरचनाको पनि समुचित प्रयोग नहुनुका साथै च्याउ उत्पादक कृषकहरू गर्मीमा अन्य विकल्पको खोजीमा भौंतारिनु पर्ने र अर्कोतिर च्याउ उपभोग गर्नेहरूले पनि ताजा च्याउ वर्षैभरि खान नपाउने अवस्थामा यसको उपयुक्त विकल्पको रूपमा दुधे च्याउ (:षपथ :गकज( चयफ) आएको छ। बढी तापक्रम (३०(३५ डि.से.) मा राम्रो उत्पादन लिन सकिने यो च्याउ विशेष गरी तराई क्षेत्रमा कन्ये च्याउ उत्पादन गर्न नसकिने समयमा बेमौसमी च्याउखेतीको रूपमा सहजै उत्पादन गर्न सकिन्छ। त्यसैले यसको व्यावसायिक सम्भावना प्रचुर मात्रामा रहेको र यसबाट उत्पादक कृषकहरूले उचित आम्दानी लिन सक्ने देखिन्छ भने अर्कोतर्फ च्याउ उपभोक्ताले पनि वर्षैभरि च्याउ खान पाउने देखिन्छ। यसको खेती गर्ने तरिका सजिलो, उत्पादन क्षमता बढी र भण्डारण क्षमता अलि धेरै भएकाले पनि यसको लोकप्रियता बढ्न गई तराई र बेसीमा तिव्र गतिमा खेती विस्तार हुँदै आएको छ।

सर्वप्रथम भारतमा

१८ (प्राविधिक अधिकृत), क्षेत्रीय कृषि



अनुसन्धान केन्द्र, खजुरा बाँके

साथै यसको खेती प्रविधि सम्बन्धी प्राविधिक जनशक्तिको कमी, गुणस्तरीय बीउ उत्पादकको कमी, शिक्षित बेरोजगार व्यक्तिहरूको खेतीप्रति आकर्षणमा कमी, उपभोग सम्बन्धी यथेष्ट मात्रामा उपभोक्तामा जानकारीको कमी, च्याउ टिपे पछिका प्रविधिहरूको विकास र विस्तारमा कमी, रोग एवं कीरा व्यवस्थापनको जानकारीमा कमी हुनु नै यसबाट आशातीत सफलता हासिलका प्रमुख चुनौतीहरू हुन्। दुधे च्याउको खेती निम्नानुसारको प्रविधि अपनाई गर्न

सकिन्छ(

**१. माध्यमको छनौंट :**

यस च्याउ खेती धानको पराल, गहुँको छ्वाली, मकैको छोड, तोरीको गट्टे आदिमा गर्न सकिन्छ। तर बढी उपयुक्त भने धानको पराल ने देखिएको छ। यसका लागि माध्यमको अम्लीय र क्षरीयपना पीएच ( एज) ६.५ ७.५ राम्रो मानिन्छ।

**२. स्थानको छनौंट :**

यस च्याउको खेती गर्न काठमाडौं उपत्यकामा जेठ महिनादेखि भदौ महिनासम्म र तराई र भित्री मधेसमा जाडो महिना बाहेक अन्य समयमा उपयुक्त मानिएको छ। पहाडमा यो च्याउ त्यति सफल नहुने भएतापनि गर्मी समयमा यसको खेती गर्न सकिन्छ।

**३. उपयुक्त तापक्रम :**

यसको खेती गर्दा ठाउँ वासस्थानको तापक्रम थाहा पाएर मात्र खेती गर्ने निर्णय गर्नुपर्दछ। त्यसैले यो च्याउ खेती गर्दा ढुसी फैलाउन २०-३०° सेल्सियस, च्याउ फलाउन २८° से. देखि ३५० से.को तापक्रम र आर्द्रता ८०-८५ प्रतिशत आवश्यक हुने हुँदा स्थान विशेष अनुरूपको लगाउने समय निर्धारण गर्नुपर्दछ।

४. च्याउको बीउ

यसको प्रसारण लैङ्गिक (स्पोर) र वानस्पतिक दुबै तरिकाबाट हुन्छ। यसको आधाभन्दा बढी सफलता बिजनको गुणस्तर र सरसफाइमा भर पर्दछ। विजन बनाउने माध्यम राम्रोसँग निर्मलीकरण भएन भने बीउ गुणस्तरीय हुँदैन र विभिन्न रोगजन्य समस्याहरू आएर च्याउ व्यवसाय नै असफल हुन जान्छ। विशेष प्रकारको प्रयोगशालामा दक्ष जनशक्तिद्वारा बनाइएको गुणस्तरीय विजन मात्र प्रयोग गर्नुपर्दछ।

५. दुधे च्याउको खेती गर्दा चाहिने आवश्यक सामग्रीहरू १. सुकेको पराल वा अन्य माध्यम

२. पराल काट्ने कैंची, हँसिया वा मेशिन,

३. पराल भिजाउने डूम वा वाटा ४. पराल बफ्याउने डुम

५. असल च्याउको बीउ

६. प्लास्टिक व्याग (१८वाई२२)

स्टोभ वा चुलो खेती गर्ने कोठा

७. दाउरा वा इन्धन ८. ९. सुतली

११. पानी छम्कने स्प्रे

१२. खेती नगरिएको ठाउँको माटो आदि ६. दुधे च्याउ खेती गर्ने तरिका

कन्ये र गोब्रे च्याउ खेती प्रविधिको सम्मिश्रणको रूपमा रहेको यस च्याउखेतीका लागि पराल नयाँ र राम्रोसँग सुकेको र नकुहिएको हुनुपर्दछ। हरियो परालमा दुधे च्याउ फल्दैन। यसको खेती निम्नानुसारका प्रविधिहरू अपनाई गर्न सकिन्छ।

१. सर्वप्रथम परालालाई १-१.५ इन्चसम्मको टुक्रामा काट्ने र बीउको मात्रा मिलाउने पराल जोख्ने (५) कि.ग्रा.सुख्खा परालालाई

२५० ग्राम च्याउको बीउ आवश्यक पर्दछ ।२. आधा घण्टादेखि १ घण्टासम्म सफा चिसो पानीमा काटेको पराल भिजाउने (१०-१५) घण्टासम्म पनि भिजाउन सकिन्छ ।
३. ५-६ घण्टा वा एक रात छायामा राखी पानी तर्काउने र हातले भिजेको पराललाई निचोर्दा चिसो मात्रा हातमा टाँसिने तर पानी नबग्ने भएमा उपयुक्त मानिन्छ ।
४. चिस्यान ठीक भएमा परालल‌ाई डूममा राखी करिब १ देखि दुई घण्टासम्म (परालको परिमाण र सफाईको अवस्था अनुरूप) बफाएर (तापक्रम ९०वाई१००से.) निर्मलीकरण गर्ने । पराल (माध्यम)लाई बफाएर वा रासायनिक पदार्थको प्रयोग गरेर पनि निर्मलीकरण गर्न सकिन्छ । यसरी निर्मलीकरण गर्दा वेभिस्टिन र फर्मालिनको भोलमा डुबाएर विसङ्क्रमण गर्नुपर्छ ।
५.परालको तातो सेलाएर चिसो भएपछि हातमा स्प्रिंट दलेर च्याउको बीउको पोकालाई प्लास्टिकमा भए हातले बाहिरबाट चलाएर वा बोतलमा भए सफा सुहरो स्प्रिटमा दलेर बीउको बोतलको ढिका परेको बीउ फुटाउनुपर्छ ।
६. तयार भएका प्लास्टिक व्यागमा (१८ ह २२", १८"वाई २४") पराल भर्ने (२-३ अगुल बाक्लो बनाएर) थिच्दै तह मिलाई ४ देखि ७ तहसम्म बीउ रोपेर डोरीले टन्न कसिने गरी थैलाको मुख बांध्नुपर्दछ ।
८. बीउ राखेको तहको बीचमा मसिनो सुइरोले स(साना प्वालहरू पार्नुपर्दछ । बीउ रोप्दा थैलामा पराल भरेपछि छेउछाउमा पर्ने गरी प्रत्येक तहमा करिब १-१ चम्चाजति च्याउको बीउ छर्नुपर्छ ।
९. हावाको आदानप्रदानका लागि डल्लो वरपर सुइरोले २०-२५ वटा प्वाल पार्ने ।
१०. कोठाको तापक्रम २० ( ३०° से. ग्रेड हुने गरी मिलाई डल्लो (द्यर्बी) लाई भुइँमा वा डोरीको सहायताले भुन्डयाएर राख्नुपर्दछ ।
१०. यसरी च्याउ राख्नका लागि करिब १५ ह ३० वाई ८.५ क्युबिक फिटको टहरा उपयुक्त मानिन्छ । यसको ४ लाइनमा ४( ४ वटा बाँसका खम्बा बनाई गाड्नुपर्दछ । त्यसमा १-१ वटा गरी जम्मा ४ वटा डल्लो राख्नु पर्दछ ।
११. तीन हप्ता देखि एक महिनामा परालमा सेतो ढुसीले ढाक्छ ।
१२. लुसीले ढाकिसकेपछि केसिङ (ऋबक( ष्लन) गर्नुपर्दछ ।
केसिङ गर्दाको समयमा तापक्रम २८-३७ डि. से. ग्रेड आवश्यक पर्दछ ।
१३. केसिङ गरेको करिब १० दिनभित्रमा केसिङ सामग्रीमाथि दुसी पूरे फैलिन्छ र यसको एक हप्तामा च्याउ टिप्न तयार हुन्छ ।
१४. एक पटक लगाएको डल्लोमा २(३ पटकसम्म च्याउ फल्दछ ।
७. केसिङ गर्ने (माटोले छोप्ने)
च्याउको बीउ रोपेका वैलाहरू ढुसी ठाकेपछि उपचार : गरेको माटोले १-१ १/२ इन्च बाक्लो गरी छोप्ने प्रक्रियालाई ऋबकष्लन भनिन्छ । बीउ रोपेको २०(२५ दिनपछि मलमा ढुसी फैलिएपछि ७५% माटो र २५% बालुवा मिसाएर बनाएको मिश्रणले २-३ से. मी बाक्लो हुने गरी ढाक्नुपर्दछ । केसिङ मिश्रणको पीएच कम भए काठको धुलो वा कृषि चुन मिसाएर केसिङमा पुऱ्याउनुपर्छ । केसिङ
मिश्रण अटोक्लेभमा १५ प्रतिवर्गत्वमा १ घण्टासम्म राखेर पनि विसङ्क्रमण गर्न सकिन्छ ।

## ८. च्याउ टिप्ने तरिका :

केसिङ गरेको करिब १० दिनपछि माटोमा सेतो बुसी फैलिएको देखिन्छ । यति बेला च्याउ रोपेको ठाउँमा स्वच्छ हावा जान दिनुपर्छ । यसको ३ देखि ५ दिनमा मसिना फलहरू देखिन्छन् । अरू च्याउमा जस्तै सुक्खा मौसममा दिनको २ पटक र ओसिलो मौसममा एक पटक आवश्यकता अनुसार पानी दिनुपर्छ । धेरै छिप्पिएको च्याउ राम्रो र मिठो पनि हुँदैन । च्याउ टिप्ने दिनभन्दा अघिल्लो दिनदेखि पानी हाल्न हुँदैन, अन्यथा छिटो बिग्रन जान्छ । टिप्न तयार भएको च्याउको डाँठको फेदमा समाई एक पटक दायाँ र एक पटक बायाँ मर्काई हल्का तरिकाले टिप्नुपर्दछ, बल प्रयोग गरेर डल्लालाई असर पार्दा फेरि च्याउ पलाउने प्रक्रिया कमजोर हुन्छ । यसो गर्दा डाँठ बाँकी रहँदैन र नोक्सान पनि हुँदैन, पछि उम्रने च्याउलाई असर गर्दैन । च्याउ टिप्दा तरिका मिलेन भने फेदको केही भाग भाँचिएर छोडिन जान्छ र त्यो फेरि पलाउँदैन बरु कुहिएर भिँगा वा भुसुना लागि अरू रोगका लागि आश्रय स्थल बन्न सक्छ ।
च्याउ टिपेपछि डल्ला र भुइँमा पानी दिइरहनु पर्दछ । च्याउ टिपेको सतहमा खाल्टो पर्न गएमा केसिङ गर्ने माटोले पुर्नुपर्छ । च्याउ टिपेपछि आवश्यकता अनुसार हलुकासँग पानी हाल्ने र सफा पानीले धोएर पानी तर्काई धेरै नथिचीकन हावा खेल्ने गरी १०-१५ कि.ग्रा. अटाउने प्लास्टिकका क्रेट वा भोलामा राखेर बिक्रीका लागि घर, पसल वा बजारमा पुऱ्याउनुपर्छ । हावा खेल्न पाएन भने च्याउ छिटो बिग्रन्छ ।
९. दुधे च्याउ उत्पादन गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरू च्याउको उत्पादन, भण्डारण, प्याकिङका साथै बजारीकरण गर्दा मानिसको स्वास्थ्यलाई नकारात्मक प्रभाव पार्ने खालका वस्तुहरू रोग कीरा व्यवस्थापनका लागि प्रयोग गर्नु हुँदैन ।
च्याउ खेतीका अधिकांश समस्या सरसफाइको कमीले हुने हुँदा सबै अवस्थामा सरसफाइमा उचित ध्यान दिनुपर्छ । जस्तैः स्वस्थ र सफा कच्चा पदार्थ, सफा औजार, सफा स्थल आदिको प्रयोग गर्ने र च्याउ उत्पादन भैसकेको वा सङ्क्रमित डल्लालाई नजिकै नफालेर व्यवस्थापन गर्नुपर्छ । च्याउ खेती गर्ने कोठा वा टहरालाई खेती गर्नुपूर्व धुवाँएर निर्मलीकरण गर्नुपर्छ ।
च्याउ हुर्काउने माध्यम, केसिङ गर्ने वस्तु पूर्ण रूपमा निर्मलीकरण भएको हुनुपर्छ । भर पर्दो ठाउँबाट खरिद गरिएको गुणस्तरीय बीउ मात्र प्रयोग गर्नुपर्छ ।
च्याउ खेती गर्ने टहरा वा घरको ढोकामा चुन राख्ने, भ्यालढोकामा जाली राख्ने, मुसाको पासो, मोलिनी पासो राख्ने र मुसा उक्लिन नदिन टहराको चारैतिर बाहिरी भित्तामा एक फिट अग्लो सादा जस्तापाता टाँस्न सकिन्छ ।
च्याउ फलाउन तयार पारिएका डल्लाहरू सुक्खा हुन दिनु हुँदैन । सुक्खा देखिएमा भित्ता र भुइँमा पानी छर्कनु पर्दछ ।

सन्दर्भसूची

मानन्धर, केशरी लक्ष्मी, २०६२ माउ उत्पादन प्रविधि, कृषि प्रविधि केन्द्र, ललितपुर ।
न्यौपाने, शङ्करप्रसाद, नेपालमा च्याउखेती २०७१, विनिता न्यौपाने, गोत्रषु ४, काठमाडौं ।
लेखकको अनुसन्धान र अनुभवका साथै विभिन्न तालिम र गोष्ठीमा प्राप्त गरेका कार्यपत्रहरू ।
रावत, जयकान्त २०७०, आधुनिक ब्याउखेती प्रविधि, हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिप्युटर्स, भोटाहिटी, काठमाडौं ।
हरिश्चन्द्र वास्तोला, भोजराज अधिकारी, मदन खड्का, सुरज वैद्य,
२०७४, दुधे च्याउको खेती प्रविधि, वालीरोग विज्ञान महाशाखा, खुमलटार, ललितपुर

# डेरी एसोसिएसन बागमतीको साधारणसभा सम्पन्न

२०८०, पौष २०, नेपाल डेरी एसोसिएसन बागमती प्रदेशको ५ औं वार्षिक साधारण सभा ललितपुरमा एक भव्य कार्यक्रम बिच सम्पन्न भयो ।

सोही स्थानमा काठमाडौं जिल्ला समिति र ललितपुर दुग्ध व्यवसायी समितिको पनि वार्षिक साधारणसभा संयुक्त रुपमा सम्पन्न भएको जानकारी काठमाडौं जिल्लाका अध्यक्ष अजित बजगाईंले जानकारी दिए । बजगाईले नेपाल डेरी एसोसिएसन काठमाडौं जिल्ला समितिको दोस्रो वार्षिक साधारण सभा र ललितपुर दुग्ध व्यवसायी समितिको १०औ वार्षिक साधारण सभा एकै स्थान एउटै कार्यक्रमा समेटेर गरियोको कुरा बताए । कार्यक्रम ललितपुर जिल्लाको महालक्ष्मीस्थानमा रहेको डिलाईट पार्टी भेन्युमा नेपाल डेरी एसोसिएसन बागमती प्रदेशका अध्यक्ष टिका प्रसाद घिमिरेको सभापतित्व एवं प्रमूख अतिथि बागमती प्रदेश सभाकी माननीय उपसभामुख अप्सरा चापागाईंको विशेष उपस्थितिमा सम्पन्न भएको थियो ।

कार्यक्रममा राष्ट्रिय दुग्ध विकास बोर्डका कार्याकारी निर्देशक डा.राजेन्द्र यादव, पशुसेवा विभागका प्रभाष पौडेल, नेपाल डेरी एसोसिएसनका केन्द्रिय अध्यक्ष प्रल्हाद दाहाल, केन्द्रिय सल्लाहकार ज्ञानेन्द्र बजगाईं, पूर्व अध्यक्ष सुमित केडिया, रैथाने एग्रो प्रा.लिका शंकर गौतम, नेपाल डेरी एसोसिएसन केन्द्रिय पदाधिकारीहरु उपाध्यक्ष दिप प्रसाद धमला, मनोज कुमार घिमिरे, सह कोषाध्यक्ष रामभक्त दाहाल, सदस्यहरुमा नवराज तिमल्सिना, शिव घिमिरे, रविशरण थापा, रमेश सञ्जेल, निराजन कोइरालाको उपस्थिति रहेका थियो ।

कार्यक्रममा बागमति प्रदेश, ललितपुर दुग्ध व्यवसायी समिति र काठमाडौं जिल्ला समितिका पदाधिकारीहरू एवं सदस्यहरु, दुग्ध उत्पादक किसान, सरोकारवाला निकायका प्रतिनिधिहरु, पत्रकारहरु र एसोसिएसनका सदस्यहरुको बाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सहजीकरण बागमती प्रदेशका सचिव श्याम घिमिरेले गरेका थिए भने नेपाल डेरी एसोसिएसनको गीत सुनाउँदै सबैलाई स्वागत गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य एसोसिएसन काठमाडौं जिल्लाका अध्यक्ष अजित बजगाईंले गरे भने प्रमूख अतिथि उपसभामुखले पानसमा बत्ती बाली कार्यक्रमको उद्घाटन गरिएको थियो । कार्यक्रममा मन्तव्य राख्दै रैथानेका शंकर गौतमले आजको कार्यक्रममा स्थान दिइएकोमा एसोसिएसनलाई आभार प्रकट गर्दै मोही अभियानमा डेरी एसोसिएसनको ठूलो सहयोग रहेको बताए ।

बागमती प्रदेश, काठमाडौं जिल्ला र ललितपुर समितिको संयुक्त कार्यक्रममा देखिएको रौनकतालाई खुशी व्यक्त गर्दै दुग्ध व्यवसायीको हालको पिडा र समस्याबारे स्पष्ट पार्दै यो समस्या हल गर्न सम्बन्धित सबै सरोकारवालालाई आग्रह गर्दै नेपाल डेरी एसोसिएसनका पूर्व अध्यक्ष सुमित केडियाले आफ्नो भनाई राख्नु भयो ।



एशोसिएसनका केन्द्रिय अध्यक्ष प्रल्हाद दाहालले हाल दुध तथा दुग्ध पदार्थ मौज्दात रहेको र त्यो समस्याको समाधानका लागि केन्द्र र प्रदेश सरकारले पहल गरि छिटोभन्दा छिटो समाधान निकाल्नुपर्ने बताउनु बताउँदै नेपाल डेरी एसोसिएसन आफैं बंगलादेशमा बजार खोज्न गई त्यहाँ धुलो दुध निर्यात गर्न सक्ने गरि आफूहरुले पहल गरेको कुरा अध्यक्ष दाहालले बताए ।

कार्यक्रममा दुग्ध क्षेत्रमा योगदान पुऱ्याउने पत्रकार, दुग्ध व्यवसायी र किसानलाई सम्मान गरिएको थियो । सम्मान पाउनेहरुमा दिर्घ सेवा सम्मान २०८० बाट एसोसिएसनका पूर्व केन्द्रिय सदस्य बद्री प्रसाद ढकाल, उत्कृष्ट डेरी सम्मान कुमार तिमल्सिना, माता मनकामना डेरी उद्योग, बनेपा-८, सिनागाल, काभ्रे र दुग्ध क्षेत्रलाई माया गरि विभिन्न समाचार सम्प्रेषण गरि समस्यालाई उजागर गरि डेरी क्षेत्रमा सहयोग गर्ने पत्रकार नवराज बजगाईं नव क्षितिज साप्ताहिक काभ्रे, डेरी क्षेत्रलाई धेरै माया गर्ने पत्रकार मधुसुदन गुरागाईं काभ्रे, शिखर श्रेष्ठ सानदार मिडियालाई पनि सम्मान गरियो भने नेपाल डेरी एसोसिएसनले शुरु गरेको मोही अभियानलाई साथ दिई नेपाल डेरी एशोसिएसन र रैथाने एग्रो पडक्टस प्रा.लि. बिच भएको सम्झौता अनुसार प्रत्येक शनिबार दरवारमार्गमा स्थानिय रैथाने उत्पादनको हाट बजारमा निःशुल्क मोही पिलाउने अभियानमा साथ दिई अभियानलाई मोही अभियन्ताका रुपमा कार्य गर्नु हुने शिव आचार्यलाई पनि सम्मान गरिएको थियो भने मोही अभियानमा दही उपलब्ध गराउने एशोसिएसनका सदस्यहरु क्रमशः टिका प्रसाद घिमिरे, टिका डेरी उद्योग, ताल्छिखेल, ललितपुर, रवि शरण थापा, कागेश्वरी डेरी, कुमारीगाल, काठमाडौं, सञ्चालक रमेश सञ्जेल, रश्मी एण्ड रोजन डेरी, हात्तिवन, ललितपुर, सञ्चालक दिपक सञ्जेल, भैंसेपाटी डेरी सेन्टर, भैंसेपाटी, ललितपुर, सञ्चालक दिप प्रसाद धमला, धमला डेरी प्रडक्ट्स, घट्टेकुलो, सञ्चालक नवराज तिमल्सिना, काभ्रेली दुग्ध सागर प्रा.लि, घट्टेकुलो, सञ्चालक शिव घिमिरे, ढुंखर्क डेरी, शान्तिनगर, सञ्चालक चेतनाथ दाहाल, विन्दावासीनी डेरी उद्योग, बुढानिलकण्ठ, सञ्चालक जिवन धमला, कामधेनु डेरी प्रा.लि., भक्तपुर, सञ्चालक कृष्ण प्रसाद सञ्जेल, पानोरमा डेरी, ताल्छिखेल, ललितपुर, सञ्चालक हुद्धराज तिमल्सिना, श्री महालक्ष्मी डेरी, महालक्ष्मीस्थान, सञ्चालक दिपक ढुंगाना, डागन डेरी उद्योग, नुवाकोट, सञ्चालक प्रकाश मुडवरी, अर्जुन डेरी फर्म, नुवाकोट,

सञ्चालक मधु न्यौपाने, मधु डेरी सप्लायर्स, नुवाकोट, सञ्चालक श्याम घिमिरे, पलाञ्चोक डेरी उद्योग, सुकेधारा, सञ्चालक ्व तिवारी, खुशी डेरी उद्योग, लामाबगर, काठमाडौं, सञ्चालक दिपक तिमल्सिना, संगम डेरी, भैंसेपाटी, सञ्चालक ज्ञानेन्द्र बजगाईं, बजगाईं डेरी उद्योग, पोखरा-२६, कास्कीलाई पनि प्रंशसा पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा मन्तव्य दिने क्रममा राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा.राजेन्द्र यादवले डेरीका हरेक समस्या दुग्ध किसानको अस्तित्वसँग गाँसिएको छ । सरकारले दुग्ध क्षेत्रको समस्यालाई सँधै गम्भीरताका साथ लिइएको हुन्छ । किसान विना कसैको घरमा भान्सा चल्दैन । किसान सम्मानित हुन र यस्तो सम्मनानीत पेशाको सबैले सम्मान र गौरव गर्नु पर्ने कुरा बताए । मन्तव्यको क्रममा रैथाने एग्रो प्रा.लिका शंकर गौतम नेपाल डेरी एसोसिएसनसँग गरिएको सम्झौता अनुसार प्रत्येक शनिवार रैथाने कृषि उत्पादन हाट बजारमा निःशुल्क दही उपलब्ध गराई प्रत्यक्ष मोही तुलाई निःशुल्क वितरण गर्ने काम नेपाल डेरी एसोसिएसनको एकदमै सह्रानीय काम गरेको र मोही अभियानमा एशोसिएसन सँधै अगाडि बढेकोमा धन्यवाद दिंदै आगामी दिनमा पनि साथसाथै जाने कुरा बताए ।

पशुसेवा विभागका प्रभाष पौडेले एसोएिसनको निमन्त्रणाको प्रतिनिधित्व गर्दै कार्यक्रमको सफलताको शुभकामना दिंदै पशुसेवा विभाग सँधै गरेको कार्यमा साथ दिन तयार रहेको बताए । एशोसिएसनका उपाध्यक्ष दिप प्रसाद धमलाले हालको परिस्थितिलाई सम्वोधन गर्न सबै एकजुट भई हार नमानी अघि बढ्नुपर्ने बताउँदै एसोसिएसनले आफ्नो आवाजलाई वुलंद बनाउँदै जान र सरोकार निकायसँग सहकार्य गर्न अनुरोध गरे । प्रमुख अतिथि माननीय उपसभामुख अप्सरा चापागाईंले डेरी एसोसिएसनको कार्यक्रममा सहभागी भएर डेरी सम्बन्धी धेरै कुरा जान्ने अवसर मिलेको बताइन । आज सुनेका समस्या र भएको अप्ठ्यारो परिस्थिति समाधान निकाल्नका लागि आफू जहिले पनि एसोसिएसन र किसानको साथमा रहेको कुरा बताउँदै सबैलाई हौसला प्रदान गरिन । अन्त्यमा एसोसिएसन बागमती प्रदेश अध्यक्ष टिका प्रसाद घिमिरेले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई साथ र सहयोग दिएकोमा अन्तर मनबाटै खुशी भएको बताउँदै डेरी क्षेत्रको कठिनाईको अवस्थाबाट बचाउन सबैलाई आग्रह गरे । अन्त्यमा आगामी दिनमा पनि यस्तै साथ र सहयोग गर्न अनुरोध गर्दै उपाध्यक्ष ्व तिवारीले सबैलाई धन्यवाद दिए । बन्द सत्रमा सबै जिल्लाका अध्यक्षले आ(आफ्ना भनाई राखेका थिए भने समस्या माथि छलफल भएको थियो ।

एशोसिएसनले निर्णय नै गरेर एसोसिएसनका कार्यक्रममा खादा र मायाको चिनो दुग्ध पदार्थ नै वितरण गर्ने गरेकोले यहाँ पनि उपस्थित सबै अतिथिहरुलाई मायाको चिनोमा दुग्ध पदार्थ नै वितरण गरिएको कुरा एसोसिएसन बागमती उपाध्यक्ष गोपाल तिमल्सिनाले बताए ।

# युवाहरुलाई विदेश पलायनबाट रोक्न आग्रह



शहरको पैसा गाउँमा पुऱ्याउने ग्रामीण क्षेत्रमा राजगारी प्रदान गरी स्वरोजगारी सिर्जना गर्ने युवाहरुलाई विदेश पलायनबाट रोक्न साथै ग्रामीण समुदायको खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने एक महत्वपूर्ण दुग्ध क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा करीव ९४ योगदान गर्दछ । ३० लाख किसान परिवारहरु पशुपालन तथा दुग्ध उत्पादन क्षेत्रमा सरिक रहँदै आएको छन् ।

उच्च मुल्यमा पशु आहार, दाना, बुटो खरिद गरी पशुपालन गर्दै आएका किसानहरुले बिक्री गरेको दुग्धको ६ अर्ब भन्दा बढी रकम भुक्तानी २ देखि ५ महिना लामो समयसम्म भएको छैन । दुग्ध किसानहरुको. सरकारी स्वामीत्वमा रहेको दुग्ध विकास संस्थान (डिडिसी) ले नै आधा भन्दा बढी किसानको वक्यौदा राखेका छन् । डि डि सि के कर्मचारीहरुको मिलोमतोमा विदेशी धुलो दुग्ध आयात् भएका छन्, सीमा क्षेत्रमा विदेशी कम गुणस्तर र नक्कली दुग्ध भित्र्याई बिक्री वितरण भएका छन् र स्वदेशि दुधलाई निरुत्साहित गर्दै दुग्ध विदा (मिल्क होलिडे) भएका छन् । नेपाल सरकारले तोकेको न्यूनतम् कृपक समर्थन मुल्य रु.६५ भन्दा पनि कममा दुध बेच्न किसान वाध्य छन् ।

यस्ता बेथिति र समस्याग्रस्त दैनिकी उत्पादक किसानलाई भोग्न वाध्य बनाईनु आम किसानको लागि दुःखद कुरा हो । भर्त्सर्ना लायक कुरा हो । यस विषयमा किसान अधिकार प्रति समर्पित यस राष्ट्रिय कृषक समुह महासंघ नेपाल भर्त्सना एवं खेद प्रकट गर्दछ ।

दुग्ध किसानहरुको सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थान लगायत अन्य डेरी उद्योगहरुलाई ६ अर्ब भन्दा बढीको वक्यौता यथाशिघ्र भुक्तानी गर्न, हाल किसानहरुले भोगिरहेको दुग्ध विदा (मिल्क होलिडे) तुरुन्त बन्द गर्न, सीमा नाकाबाट भित्रिने अवैध दुग्ध तथा दुग्धजन्य पदार्थ पूर्णरुपमा बन्द गर्न नेपाल सरकारले तोकेको न्यूनतम् कृषक समर्थन मुल्य रु.६५ भन्दा कम नहुने गरी दुग्ध खरिद गर्न तथा उक्त मुल्यमा घटाएर भुक्तानी गर्नेहरुलाई कार्यवाही गर्न, पशुपालक किसानहरुले पालेका पशुहरुको स्वतः विमा गरी पशुधनको जोखिम न्यूनिकरण गर्न एवं किसानहरुलाई सामाजिक सुरक्षा तथा किसान कल्याणकारी योजना तयार र कार्यान्वयन गरी किसानहरुको जिम्मेवारी अभिभावकको रुपमा परिचित हुन नेपाल सरकार एवं सम्बन्धित सरोकारवाला निकायहरुलाई राष्ट्रिय कृषक समूह महासंघ नेपाल अपिल गर्दछ । साथै दुग्ध उत्पादक किसानहरुको सहकारी संस्था केन्द्रिय दुग्ध सहकारी संघ लिमिटेडले सञ्चालन गर्न लागेको किसान अधिकारको खोजी अभियानको स्वागत गर्दै उक्त अभियानमा महासंघको साथ सहयोग रहने प्रतिबद्धता साथै आन्दोलन प्रति ऐक्यवद्धता व्यक्त गर्दछ

अध्यक्ष **नवराज वस्नेत**

राष्ट्रिय कृषक समूह महासंघ नेपाल

# नेपाली च्याउमा प्रति के.जी. ९० रुपैयाँ लगानी, ५० मा बिक्री

काठमाडौं पुस १५ नेपालमा च्याउको उत्पादन र उपभोग बढे पनि बजार सन्तोषजनक नरहेको व्यवसायीहरु गुनासो गर्छन् । च्याउ खेतीमा लगानी, अनुसन्धान, बजार व्यवस्थापन हुन नसकेको, च्याउको महत्व बुझाउन नसकिएको लगायतका




कारणले बजार सन्तोषजनक हुन नसकेको च्याउ व्यवसायीहरुको भनाई छ ।

च्याउ उत्पादन किसान संघ नेपालका अध्यक्ष सन्तोष कार्कीले च्याउ उत्पादन लागत प्रतिकिलो ९० रुपैयाँ लाग्ने बताए । तर प्रतिकिलो ५० रुपैयाँका दरले होलसेलमा बिक्री गर्नु परेको बताउँछन् ।

'उत्पादन लागत प्रतिकिलो ९० रुपैयाँ पर्छ,' अध्यक्ष कार्कीले भने, 'किसानले घाटा खाएर ५० रुपैयाँ प्रतिकिलोमा बिक्री गर्छन्, उपभोक्ताले महँगोमा किनेर खान्छन् । उत्पादनकर्ता र उपभोगकर्ताबिच धेरै फरक छ ।'

सरकारले यस क्षेत्रमा लगानी नगरेको कार्कीको भनाई छ । 'सरकारले च्याउ उत्पादनलाई कुनै प्रकारको सहयोग गरेको छैन,' उनले भने, 'हामीले आफ्नो निजी क्षेत्रको लगानीबाट च्याउ उत्पादन गरेका छौं ।'

नेपालमा च्याउ उत्पादन प्रशस्त भए पनि बजार अभावका कारण व्यवसाय फस्टाउन नसकेको उनको गुनासो छ । अहिले नेपालका ७० जिल्लामा च्याउ खेती विस्तार भएको छ भने ४० जिल्लामा व्यावसायिक रुपमै च्याउ खेती भइरहेको छ । तर च्याउको बजार छैन । च्याउ खान सबैले जानेका छैनन् ।'

च्याउ व्यवसायी दिपक प्रसाद न्यौपानेले ३० देखि ३५ करोड लगानी गरेका छन् । 'मेरो टिम मिलेर ३० देखि ३५ करोड लगानी गरेका छौं । प्रतिदिन ४ हजार केजीको क्षमता छ ।

नेपाल सरकारले आश्वासनमात्रै दिने, कार्यान्वयन नगर्ने न्यौपानेको गुनासो छ । सरकारले क्यान मसरुममा प्रतिबन्ध लगाउने बताएको थियो, तर हालसम्म पूरा भएको छैन । "फाइभ स्टार होटलमा क्यान मसरुम ७/८ सय रुपैयाँ पर्छ, मैले बजारमा ३ सय रुपैयाँ किलो फ्रेस च्याउ दिन्छुभन्दा पनि ती होटेलले लिँदैनन् ।"

नेपालमा उत्पादित फ्रेस च्याउ बिक्री नभएर आयातित च्याउ बिक्री भइरहेको बताए । 'आज हाम्रो यत्रो उत्पादन भएको च्याउ होटलमा चल्दैन, क्यान मसरुम मात्रै प्रयोग हुन्छ । क्यान मसरुम विदेशबाट आइरहेको छ,' न्यौपानेले भने ।

संघका अनुसार २०७६ सालमा गरिएको एक अध्ययन अनुसार ८० प्रतिशत स्वदेशी च्याउ र २० प्रतिशत आयातित च्याउ खपत भएको थियो । नेपालका च्याउ किसानको लगानी करिब ७ अर्ब पुगेको छ । वार्षिक १० अर्बको च्याउको कारोबार हुने गरेको छ । नेपालमा दैनिक ५० हजार किलो च्याउ खपत हुने गरेको संघको अनुमान छ ।

नेपाली बजारमा च्याउको माग बढेसँगै कन्ये च्याउ, गोब्रे च्याउ, मृगे च्याउ, रातो च्याउ, दुधे च्याउ, पराले च्याउ लगायतको व्यावसायिक उत्पादन हुँदै आएको छ ।

**कति छन् च्याउ उत्पादनकर्ता ?**

च्याउ उपभोगकर्ताको संख्या वृद्धि हुँदै गएको छ । च्याउको व्यावसायिक उत्पादन गर्ने किसानको संख्या पनि दिनानुदिन वृद्धि भएको छ । हाल नेपालको ७० जिल्लामा च्याउ खेती विस्तार भएको छ भने ४० जिल्लामा व्यावसायिक रुपमा च्याउ उत्पादन गर्ने किसान छन् ।

यस क्षेत्रमा ३० हजार जनशक्ति प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएको संघले जनाएको छ ।

**नेपालमा च्याउ उत्पादन कति ?**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा औसतमा वार्षिक १३ सय मेट्रिक टन च्याउ उत्पादन हुँदै आएको छ । आर्थिक वर्ष २०७६/०७७ मा १२ हजार ६ सय ७ मेट्रिक टन च्याउ उत्पादन भएको थियो । वर्ष २०७७/०७८ मा १३ हजार २ सय ४१ मेट्रिक टन, २०७८/०७९ मा १४ हजार ३ सय मेट्रिक टन च्याउ उत्पादन भएको मन्त्रालयको तथ्याङ्क छ ।

**वार्षिक १२ करोडको च्याउ आयात :** नेपालमा वार्षिक औसतमा ६ सय ९३ मेट्रिक टन च्याउ आयात गरिएको सरकारी तथ्याङ्कमा उल्लेख छ । यस्तै, सो च्याउ बापत वार्षिक औसतमा १२ करोड ७५ लाख ८२ हजार रुपैयाँ बाहिरिएको छ ।

भन्सार विभागको तथ्याङ्कमा चालु आर्थिक वर्षको पाँच महिनामा २ करोड ५५ लाख ७४ हजार रुपैयाँको ६३ मेट्रिक टन च्याउ आयात भएको छ । आर्थिक वर्ष २०७९/०८० मा १९ करोड ६९ लाख १७ हजार रुपैयाँको ७ सय ३३ मेट्रिक टन च्याउ आयात गरिएको थियो ।

यस्तै, आर्थिक वर्ष २०७८/०७९ मा ३३ करोड ८२ लाख १७ हजार रुपैयाँको १ हजार २ सय १० मेट्रिक टन च्याउ आयात भएको थियो । आर्थिक वर्ष २०७७/०७८ मा १५ करोड ६९ लाख ०६ हजार रुपैयाँ बराबरको ८ सय ६४ मेट्रिक टन च्याउ आयात भएको थियो । यस्तै, आर्थिक वर्ष २०७६/०७७ मा ९ करोड ७६ लाख रुपैयाँको

५ सय ९७ मेट्रिक टन च्याउ आयात भएको भन्सार विभागको तथ्याङ्क छ ।

करिब ७ हजार प्रजातिका च्याउ खानयोग्य :

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का अनुसार विश्वभर करिब १ लाख ४० हजार च्याउको प्रजातिमध्ये हालसम्म करिब १४ हजार प्रकारका च्याउ पत्ता लागेका छन् । यसमध्ये करिब ७ हजार प्रजातिका च्याउ खानयोग्य भएको नार्कको तथ्याङ्कमा उल्लेख छ ।

यीमध्ये २ सय प्रजातिका च्याउ प्रयोगशालामा उमार्न सकिन्छ । नार्कका अनुसार हालसम्म १ हजार २ सय ९१ प्रजातिका च्याउ जङ्गली अवस्थामा छन्, जसमध्ये १ सय ५९ प्रजातिमात्र खानका लागि उपयुक्त छन् भने करिब १ सय प्रजाति विषालु र ७४ प्रजातिमा औषधीय गुण छन् । नेपालमा १ हजारभन्दा बढी प्रजातिका च्याउ पाइन्छन् । यसमध्ये १५ प्रतिशत च्याउ खानयोग्य, ७ प्रतिशत औषधीय गुण भएको र १० प्रतिशत विषालु प्रकृतिका छन् भने अरु प्रजाति सम्बन्धी अनुसन्धान हुने प्रक्रियामा रहेको नार्कले उल्लेख गरेको छ ।

तरकारीको परिकारसँगै औषधी पनि हो च्याउ : च्याउ भनेपछि सबैले बुझ्ने तरकारीको एउटा परिकार हो । यसको महत्व नबुझेर यसलाई सबैले सामान्य रुपमा लिइन्छ । आम मानिसले यसलाई एउटा तरकारीको परिकारको रुपमा बुझेका हुन्छन् । तर, च्याउ औषधीको रुपमा पनि प्रयोग हुने गरेको च्याउ खेती व्यवसायी तथा च्याउको अनुसन्धान गर्दै आएको च्याउ व्यवसायी आकाश वादे बताउँछन् ।

'नेपालमा विभिन्न थरिका च्याउ उत्पादन हुन्छन् । जसमध्ये रातो, टर्टी टेल च्याउ क्यान्सर जस्तो जटिल रोगको औषधी हो' उनले भने, '२०७१ सालमा च्याउको अध्ययन अनुसन्धान र विकासमा मसरुम सीड नेपाल एण्ड रिसर्च सेन्टर दर्ता गरी च्याउको अनुसन्धान गर्दै आएका छौं । हामीले नेपालका विभिन्न जंगलमा पाइएका पोषकिय तथा औषधिय गुणयुक्त च्याउ पहिचान गरी ती च्याउ संकलन, संरक्षण र विकास गरी खेती प्रविधिको विकास गर्दै आएका छौं ।'

नेपालमा कन्ये, गोब्रे, सिइताके, दुधे, किङ्ग ओयस्टर, टर्की टेललगायतका च्याउ उत्पादन हुन्छन् । जसमा टर्की टेल च्याउ

*राज्यले बजार र किसानको लगानीअनुसार मूल्यको सुनिश्चित गरीदिए किसानले बजारको मागअनुसार जति पनि उत्पादन गर्न सक्ने उनले बताए ।*

क्यान्सर रोगको लागि अति नै उपयोगी मानिन्छ । नेपालकै जंगलबाट संकलन अनुसन्धान गरेर उत्पादन गरेको च्याउ हो । यो काठको धुलो तथा काठको मुढामा फलाउन सकिन्छ । वादे भन्छन्, 'नेपालमा च्याउ खेतीको राम्रो सम्भावना र बजार दुबै छ । महत्व नबुझेर च्याउ व्यवसाय खेती नै छायाँमा परेको छ । धेरै मानिसहरुले च्याउलाई एउटा तरकारीको परिकारको रुपमा मात्र हेरेका हुन्छन् ।'

च्याउबाट धेरै परिकार बनाएर व्यवसाय पनि गर्न सकिन्छ भने कतिपय च्याउ औषधीकै रुपमा प्रयोग खान पनि सकिन्छ । वादेले भन्छन्, 'नेपालमा च्याउ खेती गर्ने थालेको १५ वर्ष भयो । करिब ९ वर्षदेखि च्याउको अनुसन्धान पनि गरी नै रहेका छौं । जर्सिङ पौवा र फुल्चोकीबाट औषधिय गुणयुक्त रातो च्याउ संकलन गरि बिउ बनाई खेती सुरुवात गरेका छौं ।' स्वदेशी रैथाने कन्ये च्याउ र आयातित कन्ये च्याउको कल्चर, च्याउको बिचमा हाइब्रिडाइजेसन गरि नेपालमा पहिलो पटक हाइब्रिड बिउको विकास गरेको छ ।

बिउ विकास गरी कम्पनी आफैंले व्यावसायिक रातो च्याउको खेती गरी नेपालमै पहिलो पटक खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट सूचीकृत गरी रेशी मसरूम पाउडर, रातो च्याउ र कोको पाउडर मिक्स गानोको बिक्री वितरण शुरु गरेको छ । च्याउमा लाग्ने विभिन्न रोग र किराहरुका बारेमा अध्ययन अनुसन्धान गरी रोग र किरा पहिचान, लाग्नुका कारण व्यवस्थापन र सुरक्षित राख्ने उपायहरुको बारेमा अध्ययन अनुसन्धान गरी रहेको व्यवसायी वादे बताउँछन् ।

लामो समयदेखि नवलपुरको गैंडाकोटमा एनसि एग्रोटेक इण्डष्ट्रिज प्रालिका सञ्चालक दिपक न्यौपाने नेपालमा राम्रो सम्भावना र भविष्य हुँदा-हुँदै पनि महत्व नबुझ्दा च्याउ व्यवसायी फस्टाउन नसकेको बताउँछन् । "आफूले नेपाली बनौं, नेपाली भनौं सम्हालौं" नेपाल नारा बनाएर नेपालमा पहिलो पटक चीनबाट किंग च्याउ उत्पदान गर्ने प्रविधि भित्र्याएर किङ्ग (राजा च्याउ) च्याउ खेती गर्दै आएको छु ।' आफैं देशमा केही गरौं भन्ने उद्देश्यले करोडौंको लगानी लगाएर च्याउ खेती गर्दा आएको व्यवसायी न्यौपाने बताउँछन् ।

नेपालमा च्याउको बजार मूल्य र सम्भावना भएपनि राज्यको नीति राम्रो नहुँदा नेपाली किसान मर्कामा परेको न्यौपाने सुनाउँछन् । उनका अनुसार राजा च्याउ उत्पादन गर्नका लागि उच्च गुणस्तरका कच्चा पदार्थको आवश्यकता पर्छ । उखुको बगास, उच्च ग्रेडको मकै, फ्रेस पिना, ग्रेडिङ गरेको गहुँ, फ्रेस चापट, काठको भुस, कपासको खोस्टा तथा मकैको खोया जस्ता वस्तुको प्रयोग हुन्छ । 'च्याउको महत्व नबुझेर च्याउ खेती पछि परेको हो' च्याउ उत्पादक विकास संघका अध्यक्ष सन्तोष कार्की भन्छन्, 'च्याउ खेतीको सम्भावना धेरै नै छ ।'

राज्यबाट सहयोग नपाउँदा च्याउ खेती ओझेलमा परेको उनको भनाई छ । राज्यले बजार र किसानको लगानीअनुसार मूल्यको सुनिश्चित गरीदिए किसानले बजारको मागअनुसार जति पनि उत्पादन गर्न सक्ने उनले बताए । च्याउको महत्व राज्यले नै नबुझ्दा नेपालका ठूल-(ठूला होटेलमा आयातित च्याउको प्रयोग हुने स्वदेशी उत्पादन च्याउले स्थान नपाउने गरेको उनको गुनासो छ । नीतिगत रुपमा राज्यले च्याउ खेती व्यवसायलाई प्राथमिकता दिइने हो भने आम्दनी र रोजगारी दुबै बढ्ने अध्यक्ष कार्की बताउँछन् ।

**निःशुल्क च्याउका परिकार वितरण गरे :** २०६१ साल देखि च्याउ उत्पादक किसानहरुले च्याउ दिवस मनाउँदै आएका छन् । यसपाली पनि उक्त च्याउ दिवसको अवसर पारेर च्याउ उत्पादक किसान संघले निःशुल्क च्याउका परिकार वितरण गरेको छ । आइतबार ललितपुरको जावलाखेल यूथ क्लब खेल मैदानमा च्याउ मेलाको आयोजना गरी निःशुल्क परिकार वितरण गरेको हो । मेलामा किसानहरुले फलाएको च्याउ उत्पादनका प्रजातिको प्रदर्शनी गरीका थिए । मेलामा ३० वटा स्टलहरु रहेका थिए । नेपालमा वार्षिक १३ हजार मेट्रिक टन च्याउ उत्पादन हुँदै आएको सरकारी तथ्याङ्क छ । महोत्सवमा देशभरिबाट तीन हजार भन्दा बढी किसान र सर्वसाधारण भएको अनुमान च्याउ उत्पादक संघको जनाएको छ ।

# कृषि अनुदानलाई किसानसम्म पुऱ्याउन सरकारसँग आग्रह

काठमाडौं मंसीर २५ नेपाल किसान महासंघ कोशी प्रदेश समितिले कृषि ऐन निर्माण तथा कार्यान्वयन गरी कृषि अनुदानलाई



वर्गीकृत कोटा निर्धारण गरेर वास्तविक किसानसम्म पुऱ्याउन सरकारलाई दवाब दिने निर्णय गरेको छ। नेपाल किसान महासंघ कोशी प्रदेश समितिका अध्यक्ष राजेन्द्र भट्टराईको अध्यक्षतामा सम्पन्न बैठकले कृषिजन्य सबै उत्पादनको समय सापेक्ष समर्थन मूल्य निर्धारण गरी कृषि उत्पादनको बजार सुनिश्चित गर्न सरकारलाई दवाब दिने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको महासंघका प्रदेश सहसचिव केदारमान पौडेलले जानकारी दिए। बैठकले नेपाल भारत खुल्ला सिमाबाट अवैध रुपमा हुने कृषि उपजको ओसार पसार बन्द गरी विदेशी कृषि उत्पादन आयात गर्दा परीक्षण गरेर मात्र आयात गर्न, विश्वासिलो सरकारी संयन्त्र निर्माण गर्न माग गरेको छ। यसैगरी रासायनिक मल खाद्य अभावको स्थायी समाधानका लागि पशुपालनमा अनुदान, अर्गानिक उत्पादनलाई प्रोत्साहन र प्रदेशमा रासायनिक मल कारखानाको स्थापना गर्न सरकारलाई दवाब दिने निर्णय बैठकले गरेको महासंघ कोशी प्रदेशले जनाएको छ। बैठकले कृषि ज्ञान केन्द्रलाई किसान सहयोग केन्द्रको रुपमा रुपान्तरण विस्तार तथा व्यवस्थापन गरी यथेष्ठ रुपमा सहज र सुलभ कृषि प्राविधिक सहयोगको सुनिश्चतता कायम गराउन पनि माग गरेको छ।

भुमिहिन सुकुम्वासी अव्यवस्थित बसोवास गर्ने सबैलाई अबिलम्व जग्गाधनि प्रमाण पूर्जा वितरण गर्न समेत दवाव दिने बैठकले निर्णय गरेको छ। त्यसैगरी बैठकमा कृषिमा युवा कार्यक्रम सञ्चालन गरि उत्पादनमुखी र आत्मनिर्भर कृषि उत्पादनमा जोड दिन पनि बैठकले माग गरेको छ। नगदे बाली जस्तै चिया कफी, अलैँची, सुपारी जडीबुटीहरू तथा अन्य कृषि उत्पादनहरु बिक्रीको लागि किसानहरूलाई स्वायतता प्रदान गर्न माग गर्दै बैठकले उत्पादक किसान र ठूला व्यापारी बीचको कारोबार गर्ने बिचौलियाहरुले लिने नाफा मार्जिनमा सरकारले नियन्त्रण गर्न माग गर्ने निर्णय गरेको अध्यक्ष भट्टराइले जानकारी दिए।

राष्ट्रिय भू-उपयोग नीति वैज्ञानिक तथा आधुनिक ढंगले नियन्त्रण गर्ने कार्ययोजना बनाउन समेत सरकारलाई अनुरोध गर्ने निर्णयहरू गरेको महासंघ मोरङ जिल्ला अध्यक्ष वसन्त हुमागाँईले बताएका छन्।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य राजिव कोईरालाको प्रमुख आतिथ्यमा सम्पन्न कोशी प्रदेशस्तरीय पूर्ण बैठकमा विशिष्ठ अतिथि नेपाल किसान महासंघका केन्द्रीय अध्यक्ष गणेशचन्द्र तिमिल्सिना, नेपाल किसान महासंघका केन्द्रीय सदस्यहरु केशव भट्टराई र डम्बर कार्की, वरिष्ठ कृषि वैज्ञानिक हिमाल तिम्सिना, कृषि तथा भुमिसुधार प्रदेश बिभाग प्रमुख अञ्जना राई लगायतको उपस्थिति रहेको कोशी प्रदेश सदस्य गणेश गौतमले जानकारी दिए।

बैठकलाई सम्वोधन गर्दै विभाग प्रमुख राईले नेपालमा कृषिको अवस्था र भावि रणनीतिका बिषयमा प्रकाश पारेकी थिईन। त्यसैगरी कृषि वैज्ञानिक हिमाल तिम्सिनाले किसानहरुलाई जस्तासुकै सहयोग गर्न तैयार रहेको बताएका थिए। नेपाल किसान महासंघ कोशी प्रदेश सचिव भविन खड्काले सञ्चालन गरेको बैठकमा उपाध्यक्ष भगीरथ शर्मा सुवेदीले स्वागत गरेका थिए।

# हिमालयन चिज उद्योग बचाउनु सरकारसाग आग्रह

**प्रेस विज्ञाप्ति :**

मिति २०८०/९/२०

नेपालमा वि.सं. २००९ सालदेखि नै चिज उत्पादन शुरु भएको हो। झण्डै ७१ वर्षको इतिहासमा चिज उत्पादनमा नेपाल आत्मनिर्भर भईसकेको छ। अहिले देशभर चिज उत्पादनमा मात्रै करोडौं रुपैयाँ लगानी भएको छ भने हजारौं मानिसले प्रत्यक्ष अप्रत्यक्ष रूपले रोजगारी पाएका छन्। दुध तथा दुग्ध क्षेत्रको महत्वपूर्ण उत्पादनका रूपमा चिज रहेको छ। पछिल्लो समय सरकारले कच्चा दूधको मूल्य बढाउने निर्णय गरेसँगै हामीले उत्पादन गर्ने चिजको लागत मूल्यमा वृद्धि भएकाले बजार मूल्यमा वृद्धि गर्नुपर्ने वाध्यता रह्यो।

कच्चा दूधको मूल्य वृद्धि हुँदा चिजको मूल्य वृद्धि हुनु पनि स्वभाविक हो तर यसैबिचमा छिमेकी मुलुक भारतबाट विभिन्न ब्राण्डका चिज नेपाली बजारमा निर्वाध रूपमा भित्रिएर बिक्रीवितरण भइरहेका छन्। भारतीय उत्पादनभन्दा महँगो हुन जाँदा स्वदेशी चिज उद्योग प्रतिष्पर्धा गर्न नसक्ने अवस्थामा पुगेका छन्। झण्डै एक वर्षदेखि करोडौं रुपैयाँ बराबरका उत्पादित चिज स्टक भएको छ भने उद्यमीहरूले थप चिज उत्पादन गर्न नसकेर उद्योग नै बन्द गर्नुपर्ने अवस्था सिर्जना भएको छ। यसको प्रत्यक्ष प्रभाव किसानसम्म परेको छ।

आत्मनिर्भर तथा स्वदेशी उद्योगका रूपमा स्थापित भएका चिज उद्योग संरक्षण गर्न र यसलाई बचाउन तत्काल कदम चाल्न सरकारलाई आग्रह गर्दछौं। नेपाली स्वदेशी चिज उद्योगलाई संरक्षण गर्नका लागि गैरकानुनी ढंगले आयात भइरहेको चिजलाई तत्काल नियन्त्रण गर्न भन्सार कर बढाएर आयात निरुत्साहन गर्न तथा नेपाली चिज उद्योगीलाई अनुदानको व्यवस्था गर्न र दुधको लागत मूल्य घटाउनेतर्फ पहल गर्न माग गर्दछौं। साथै नेपाली चिजको अन्तर्राष्ट्रिय बजारमा समेत माग भइरहेको छ। यसका लागि सहजीकरण गरिदिन समेत आग्रह गर्दछौं।

# अत्यावश्यक १० खाद्य वस्तुको तथ्याङ्क संकलन गर्दै मन्त्रालय

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अत्यावश्यक खाद्य वस्तुको तथ्याङ्क संकलन गर्न लागेको छ ।

अत्यावश्यक खाद्य वस्तुको उत्पादन र आवश्यक परिमाण थाहा पाउन तथ्याङ्क संकलन गर्न लागिएको हो ।

पहिलो चरणमा धान/चामल, गहुँ, मकै, चिनी, तेल, नुन, दाल (सबै प्रकारका), माछा, मासु र दूध गरी १० वस्तुको उत्पादनको तथ्याङ्क संकलन गर्न लागिएको मन्त्रालयका प्रवक्ता गजेन्द्र कुमार ठाकुरले जानकारी दिए ।

हामी अहिले पहिलो चरणमा छौं । सम्बन्धित मन्त्रालयसँग छलफल भइरहेको छ । ६ महिना भित्रमा प्रतिवेदन तयार गर्ने योजना छ ।'

उनका अनुसार तथ्याङ्क संकलनका लागि कृषि मन्त्रालय, त्यसका अन्य निकाय र विज्ञहरूसँग छलफल चलिरहेको छ ।

'यो हामीलाई तोकेको काम होइन । हाम्रो नियमित काम चलिरहन्छ । फुर्सद निकालेर तथ्याङ्क संकलनमा लागेका हौं ।

अति आवश्यक वस्तुहरू कति आवश्यक हो, कति परिमाणमा हाम्रो उत्पादन हुन्छ र कति अपुग हो भन्ने थाहा नभएकाले तथ्याङ्क संकलन गर्न आवश्यक परेको उनले जानकारी दिए ।

'म केही महिना वाणिज्य विभागमा महानिर्देशक भएर बसें । त्यहाँ हुँदा धान/चामल, चिनी लगायतमा समस्या आयो । समाधान पनि गरियो । ती वस्तु हाम्रोमा कति उत्पादन हुन्छ । कति अपुग हो र बाहिरबाट कति ल्याउनु पर्छ भनेर वास्तविक तथ्याङ्क पाउन गाह्रो भयो । त्यसैले तथ्याङ्क संकलनमा लागेका छौं ।'

'कृषिलाई सोध्यो उद्योगलाई थाहा होला भन्छन्, उद्योगलाई सोध्यो कृषिलाई थाहा होला भन्छन् । तर, कसैसँग वास्तविक तथ्याङ्क नै छैन ।'



कृषि विकास मन्त्रालय र सम्बन्धित निकायपिच्छे एउटै वस्तुको तथ्याङ्क फरक हुँदा आपूर्तिमा समस्या आएको छ ।

सरकारसँग एउटा तथ्याङ्क छ । उद्योगी व्यापारीसँग अर्को तथ्याङ्क छ । यसले आपूर्तिमा समस्या देखियो ।

सरकार आफैंले तथ्याङ्क संकलन गर्दा विशेषगरी दुईटा कुरामा फाइदा पुग्ने उनी बताउँछन् ।

पहिलो, वार्षिक रूपमा बाहिरबाट कति आयात गर्नुपर्ने रहेछ भन्ने थाहा हुन्छ । आयात गर्नुपर्ने परिमाण थाहा पाएपछि समस्या आउनु अगावै आवश्यक कदम चाल्न सकिन्छ ।

दोस्रो, अत्यावश्यक वस्तुमा आफैं आत्मनिर्भर हुनुपर्छ । त्यसका लागि नीतिगत रूपमा कार्यक्रम बनाउन सघाउ पुऱ्याउँछ । यो तथ्याङ्कले बजार तह निर्धारण गर्न पनि सघाउ पुऱ्याउने उनको भनाई छ ।

उपभोक्ता संरक्षण ऐनले बजार तह निर्धारण गरे भनेको छ । तर, गर्न सकिरहेको छैन । उत्पादनकर्तादेखि उपभोक्तासम्म पुऱ्याउन तह निर्धारण गर्न गाह्रो छ । कसले के आधारमा कसरी अनुगमन गरेर तह निर्धारण गर्ने यसको विज्ञता हामीसँग छैन । तथ्याङ्क भएपछि केही सहज हुन्छ कि भन्ने आश हो ।

ाकुरका अनुसार ठूलो परिमाणमा उत्पादन हुने ठाउँहरूलाई आधार मानेर तथ्याङ्क संकलन गर्न लागिएको हो ।

हामी सबै जिल्ला जिल्लामा जाँदैनौं । जोन अनुसार म्यापिङ गर्छौं । धानका लागि धान उत्पादन हुने तराई र भित्री मधेसलाई नमुना लिन्छौं ।

नमुना संकनलनका लागि अन्तर्राष्ट्रिय संघ( संस्थासँग पनि सहयोग लिइने उनले जानकारी दिए ।

हामीलाई नमुना लिन समस्या छ । पहिला हामी आफू ड्राफ्ट तयार गर्छौं पछि एफएओसँग सहयोग माग्छौं ।

खाद्य तथा कृषि संगठन (एफएओ)ले अन्य देशमा पनि तथ्याङ्कका लागि सहयोग गर्ने गरेकाले वास्तविक तथ्याङ्क आउने उनले बताए ।

प्रतिवेदन तयार भएपछि तथ्याङ्क पुष्टिका लागि प्रादेशिक स्तरमा कार्यक्रम पनि गरिनेछ ।


## जनहितको लागि समर्पित सूचना

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं ।

अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।
२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू खाऔं ।
३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं
४. समयमा सुतौं, अनिदो नबसौं ।

कृषि जर्नल मासिक

# बेसारको नयाँ जात कपुरकोट हलेदो २ र यसको खेती प्रविधि

**क. पृष्ठभूमि :**
जिन्जेविरेसी परिवारअन्तर्गत पर्ने बेसारको यो जात क्षेत्रीय कृषि अनुसन्धान केन्द्र खजुरामार्फत लिई अदुवावाली अनुसन्धान कार्यक्रममा सीआई ०२०९को रूपमा छनौंट गरी नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका विभिन्न अनुसन्धान केन्द्रहरूमा र कृषकको बारीमा परीक्षण गर्दा उपयुक्त ठहरिएकोले कपुरकोट हलेदो २ जातको नाममा सिफारिस गरिएको हो ।

**वानस्पतिक स्वरूप :**
बोटको उचाई : ४२.८ से.मी पातको आकार
अण्डाकार पात संङ्या/बोट ६.८
पातको लम्बाई : ४३.० से.मी
पातको चौडाई १७० से.मी
गानो पिडालु आकार
धुलो फिक्का पहेँलो
जातीय विशेषता :
बाली तयार हुने समय : मध्यम (२४५-२६० दिन)
डाँठको सङ्ख्या २.६६ प्रतिबोट ।
गानोको तौल : ४००-५५० ग्राम प्रतिगानो ।
सरदर उत्पादन ३४.०५ मे. टन प्रतिहेक्टर ।
उत्पादन क्षमता २५-५५ मे. टन प्रतिहेक्टर
प्रशोधन विशेषता :
बेसार धुलो बन्ने क्षमता : १६ % ताजा तौलमा र ९४% सुकेको तौल आधारमा
कुरक्युमिनको मात्रा २.५९%
बास्नादार तेलको मात्रा ३.७५
विशेष गुणहरू :
लिफ माइनर सहन सक्ने ।
तुलनात्मक रूपमा राम्रो उत्पादन भएको ।
बेसार धुलो बन्ने क्षमता धेरै भएको
व्यावसायिक कृषकहरूले बढी रुचाएको
सिफारिस गरिने भौगोलिक क्षेत्र
नेपालको तराई र मध्य पहाडी भेगको समुन्द्री सतहदेखि
१६०० मिटर उचाईसम्म
८ वैज्ञानिक(२, कृषि अनुसन्धान केन्द्र, जौवारी, इलाम

**ख. सिफारिस खेती प्रविधि :**
बेसार बालीमा राम्रो उत्पादन लिनका लागि उपयुक्त जग्गाको छनौंटदेखि उत्पादनलाई बजारसम्म पुऱ्याउञ्जेल उपयुक्त प्रविधिहरू अपनाउन आवश्यक पर्दछ । राष्ट्रिय अदुवा बाली अनुसन्धान कार्यक्रम, कपुरकोटद्वारा हालसालै उन्मोचन गर्न लागिएको जात कपुरकोट हलेदो २ (सीआई ०९०२) को व्यावसायिक उत्पादन गर्न निम्न प्रविधिहरू सिफारिस गरिएको छ ।

१.माटो
पानी निकासको राम्रो व्यवस्था भएको, प्रशस्त प्राङ्गारिक मलयुक्त हलुका फोक्रो र दुमट माटो उपयुक्त भए तापनि उर्वराशक्ति बढाएको खण्डमा बलौटे दोमटदेखि लिएर चिम्ट्याइलो माटोमा पनि राम्रो उत्पादन गर्न सकिन्छ । माटोको पि.एच. ५.५-६.५ उपयुक्त हुन्छ ।



**२. जग्गा तयारी र मलखाद :**
मध्य पहाडमा फागुनतिर पानी परिसकेपछि ३(४ पटक खनजोत गरी गोबरमल माटोमा मिलाई बुरबुराउँदो खुकुलो हुने गरी जग्गाको तयारी गरिनु पर्दछ । मलखादको मात्रा माटोको उर्वराशक्ति एवं माटोमा विद्यमान खाद्यतत्वको अवस्थामा भर पर्ने भएतापनि यस राष्ट्रिय अदुवाबाली अनुसन्धान कार्यक्रमले मलखादको रूपमा साधारणतया ३०:३०:६० किलो नाइट्रोजन, फस्फोरस, पोटास र राम्ररी पाकेको गोबर वा कम्पोष्ट मल ३० टन/हेक्टर सिफारिस गरेको छ ।

**३. बीउ व्यवस्थापन :**
बेसारको बीउ परिमाणमा पनि धेरै चाहिने र बेसारको गानो नै बीउको रूपमा प्रयोग गरिने हुनाले बीउ व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्छ । राष्ट्रिय अदुवा बाली अनुसन्धान कार्यक्रमले उन्मोचित एवं सिफारिस बेसारको जातको बीउ उत्पादन गर्दै आएकोले मूल बीउ यस कार्यक्रमबाट अधिराज्यका विभिन्न बीउ उत्पादन समूह वा जिल्ला स्थित कार्यालयहरूलाई उपलब्ध गराउन सकिनेछ ।

४. बीउ बेसारको दर तथा रोप्ने तरिका : साधारणतया ३५/३६ ग्राम तौल भएको बेसारको गानो हारदेखि हारको दूरी ३० से.मी र बोटदेखि बोटको दूरी २५-३० से.मी. कायम गरी ५(७ से.मी गहिराईमा रोप्नुपर्दछ । यसरी लगाउँदा एक रोपनी जमीनमा १५०( १७५ किलो बीउ गानो लाग्दछ ।

**५. छापोको प्रयोग :**
बेसारलाई चैत(वैशाखमा रोपिने र प्रायः असिञ्चित जमीनमै खेती हुने हुँदा माटोको चिस्यान जोगाईराख्न छापोको महत्वपूर्ण भूमिका हुन्छ । छापोको प्रयोगबाट चिस्यान कायम रही बिरुवाको राम्रो वृद्धि विकास भई उत्पादनमा समेत वृद्धि हुन जान्छ । झारपातको प्रकोप कम गर्न, माटोबाट खाद्यतत्वको समुचित उपयोग गर्न र माटो फोप्रो बनाउन ठूलो पानी, असिना, भूक्षयबाट बचाउन, माटोको तापक्रम एकैनासको राख्न तथा छापो माटोमा सड्न गई प्राङ्गारिक पदार्थको पूर्ति गर्न छाप्रोको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले विभिन्न स्थानमा उपलब्धता अनुसार सल्लाको कुसुम, सुकेका पातहरू, खर, पराल, हरियो सेउलाको प्रयोग गरी छापो राख्न सकिन्छ । बेसारको रोपाईंपछि तुरुन्त पूर्ण रूपले माटो ढाकिने गरी छापो हाल्नुपर्दछ । सुकेका वस्तुहरूको प्रयोग गर्दा हावाले उडाउन नसक्ने गरी सिठाले दबाउनु पर्दछ ।

**५. सिँचाई व्यवस्था :**
बेसार सामान्यतया वर्षा याममा र पाखोबारीमा खेती गरिने हुँदा सिँचाईंको आवश्यकता नपर्ने भए तापनि माटोको अवस्था हेरी साधारणतया वर्षात् नभएको अवस्थामा करिब ३ हप्ताको फरकमा हल्का सिँचाई गरिनु पर्दछ । बेसारले पानी जमेको नसहने हुँदा निकासको उपयुक्त व्यवस्था मिलाउनुपर्छ ।

**६. गोडमेल र उकेरा :**
बेसारमा प्रशस्त मलखादको प्रयोग हुने र सुरुको अवस्थामा यसको कम वृद्धि हुनाले झारहरू चाँडै उम्री मुख्य बालीसँग खाद्यतत्व चिस्यान, प्रकाश, आदिसँग प्रतिस्पर्धा गरी उत्पादनमा ह्रास गराउने हुँदा झारपातको

प्रकोप अनुसार २-३ पटक गोडमेल गर्नुपर्दछ । युरिया मल टप ड्रेसिङ्ग गर्नुअघि फार उखेली सफा गर्नुपर्दछ ।
रोपाइँको ९०-१०० दिनमा उकेरा दिएमा उत्पादनमा वृद्धि हुन्छ र पानी जम्न पाउँदैन ।

**७. बाली संरक्षण :**

यो जात लिफ एएनआर रोग सहन सक्ने भएकोले विषादीको प्रयोग गर्नु जरुरी नभए तापनि रोगको अवस्था हेरी भदौ महिनामा १५ दिनको फरकमा १% बोर्डो मिश्रण वा डाइयेन जेड ७८ (०.२-०.३%) अथवा ब्लाइटक्स ५० (३ ग्रा. ⁄लि.) को घोल छर्कनु पर्दछ साथै रोगमुक्त क्षेत्रको स्वस्थ बीउ मात्र प्रयोग गर्ने र बीउ उपचार गरेर मात्र प्रयोग गर्नुपर्ने, रोगी बोटहरू र सङ्क्रमित पातहरूलाई जम्मा गरी जलाउनु पर्ने हुन्छ । यो जातमा कुनै पनि कीराले आर्थिक क्षति गरेको नपाईएको भए तापनि पातबेरुवा, डाँठको गकारो, कत्ले कीरा आदिले आक्रमण गरेमा डेसिस ०.१ % छर्कनु पर्दछ ।

**८. बेसार खनाई तथा भण्डारण :**

बेसारलाई पात पहेँलिएर सुक्न थालेपछि खनाह कार्य शुरु गर्नुपर्दछ । यो जातको बेसार खनाह गर्नका लागि सामान्यतया लगाएको ९-१० महिनापछि मंसीरदेखि फागुनसम्मको समय उपयुक्त मानिन्छ । मंसीरको तुलनामा माघ फागुनमा खन्दा १५-१८ ० कुकुमिनको मात्रा बढ्दछ । यसका डाँठहरू गाना खन्नुभन्दा करिब ५-७ दिनअगाडि काट्नु पर्दछ । बाली लिन जग्गालाई कोदालोले खनी त्यसबाट बेसारका गानाहरूलाई हातले राम्रोसँग टिप्नुपर्दछ । टिपिएका गानाहरू राम्रोसँग सफा गरी रोग लागेका काटिएका, चोटपटक लागेका अथवा कुहिन लागेका गानाहरू हटाई राम्रा गानाहरू छुट्याई उचित भण्डारण गरी राख्नुपर्दछ । बेसारमा चिस्यानको मात्रा धेरै हुने हुँदा सुरक्षित भण्डारण गर्नु अत्यावश्यक हुन्छ । अन्यथा भण्डारणमा सुक्ने, चाउरिने, कुहिने आदि समस्याहरू आई बेसारको गुणस्तर घट्न जान्छ । बेसारको भण्डारण गर्दा १२-१४° से. तापक्रम र ६५-७०% सापेक्षित आर्द्रता भएको वातावरण मिलाउन सकिने कोठामा सजिलैसँग ५-६ महिनासम्म सुरक्षित भण्डारण गर्न सकिन्छ । कृषक स्तरमा यस्तो किसिमको वातावरण नियन्त्रित कोठा बनाउन खर्चिलो हुने हुँदा परम्परागत खाडलमा केही सुधार गरी वा सेलार स्टोरको प्रयोग गरी स्वस्थ बीउ भण्डारण गर्न सकिन्छ ।

# मकै एक परिकार, प्रयोग अनेक

काठमाडौं पुस २३ पूर्वी चितवनको रत्ननगर नगरपालिका स्थित टिकौलीचौरमा यही पौष २६ गतेबाट शुरु हुने रत्ननगर महोत्सवमा कृषि र पर्यटनलाई प्राथमिकता दिइएको छ । पर्यटनको विकासको लागि नयाँ गन्तव्यको पहिचान र धार्मिक पर्यटनको विकासलाई जोड दिइएको, महोत्सवमा कृषि क्षेत्रको विकासका लागि मकै बालीको संरक्षण र उत्पादनलाई प्राथमिकता दिइएको संघका अध्यक्ष तथा महोत्सव मुल समारोहका संयोजक शंकर गिरीले जानकारी दिए । महोत्सवमा मकैको उत्पादनलाई जोड दिँदै बजारीकरणलाई समेत ध्यान दिइएको छ । "मकै एक परिकार र प्रयोग अनेक" भन्ने मान्यतालाई स्थापित गर्न परिकारको र रत्ननगरको कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, विज्ञान, प्रविधि, कला, संस्कृति, व्यापार, व्यवसाय र अन्य आर्थिक महत्वका क्षेत्रहरुको आधुनिकीकरण र वैज्ञानिक उत्पादनलाई जोड दिइएको संघका अध्यक्ष तथा महोत्सव मुल व्यवस्थापन समितिका संयोजक शंकर गिरीले जानकारी दिए । महोत्सवमा उद्योग, व्यापार, कृषि, पर्यटन, स्थानीय कला र संस्कृति सहित राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा बहुराष्ट्रिय गरि करिब ४५० स्टलहरु रहने छन् । यस पटकको महोत्सवमा तीन लाख भन्दा बढी दर्शकहरुले अवलोकन गर्ने र करीब २५ करोडभन्दा बढिको कारोबार हुने अपेक्षा र अनुमान गरिएको छ । चितवनवासीहरुले गौरव र पर्वको रुपमा



उपयोग र मकैको बोट देखि अन्य सामाग्रीको प्रयोगलाई आत्मसाथ गर्ने गरि प्रवर्द्धन गरिएको संघका उपाध्यक्ष तथा कृषि प्रवर्द्धन समितिका संयोजक हरि अधिकारीले जानकारी दिए । मकै बालीको संरक्षण र प्रवर्द्धनको लागि महोत्सव स्थलमा मकै वाली स्थापना तथा मकैको प्रतिमूर्ति निर्माण गरिएको छ । महोत्सवमा रामपुर मकैबाली अनुसनधान केन्द्रबाट २० प्रजातीका मकैको बारेमा जानकारी गराइने छ । महोत्सव स्थलमा मकै वाली, केरा बगान, च्याउको टनेल र माछा पोखरी निर्माण गरिने कृषि संयोजक अधिकारीले जानकारी दिए ।

रत्ननगर उद्योग बाणिज्य संघले आयोजना गरेको सो महोत्सवको १२औं संस्करण पौष २६ गते उद्घाटन भएर माघ ८ गतेसम्म चल्ने छ । विगत दुई दशकदेखि प्रत्येक दुई( दुई वर्षमा आयोजना हुने यस महोत्सवले समग्र जिल्ला तथा विशेषगरी पूर्वी चितवन मान्दै आएको रत्ननगर महोत्सव व्यापार र व्यवसायको जगतमा उत्कृष्ट र अनुपम नमुनाको रुपमा रहेको छ ।
महोत्सव परिसरमा वृहत व्यवसायिक कृषि प्रदर्शनी तथा मकैवाली विशेषमा मकैका नयाँ प्रविधि, मकैका परिकार, ताजा तरकारी, थोपा सिँचाई प्रविधि, केरा, माछा, च्याउ, दुग्धजन्य पदार्थ, पोल्ट्री, महसँगै चितवनमा प्रवल सम्भावना भएका कृषि तथा पशुजन्य व्यवसायलाई विशेष जोड दिएको संघका वरिष्ठ उपाध्यक्ष निराजन खनालले जानकारी दिए । महोत्सव अवधिभर कृषिसँग सम्बन्धित, पूर्वी चितवनमा बढ्दो सवारी दुर्घटनालाई न्यूनिकरण गर्न सरोकारवालसँग जिल्ला ट्राफिक र प्रदेश ट्राफिक सँग समन्वय गरी दुर्घटना न्यूनिकरण सम्वन्धी अन्तरक्रिया कार्यक्रम, चितवनको आर्थिक विकास र उन्नयनका लागि विशेष आर्थिक क्षेत्रको स्थापना र चुनौंती विषयक विचार गोष्ठी

# आवधिक योजना तर्जुमा गर्दा सुपारी खेतीलाई प्रवर्द्धन गर्नुपर्ने उपभोक्ता हित समितिको निर्देशन

काठमाडौं कार्तिक १९ प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले १६औं पञ्च वर्षीय आवधिक योजना तर्जुमा गर्दा सुपारी खेतीलाई प्रवर्द्धन गर्न नीतिगत व्यवस्थाका गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको छ। बुधवार बसेको समितिको बैठकले यस्तो निर्देशन दिने निर्णय गरेको हो। सुपारी खेतीमा किसानको आकर्षण बढिरहेको सन्दर्भमा सरकारी निकायबाट यस खेतीलाई अपेक्षित रुपमा प्रवर्द्धन गर्ने कार्य नभएको समितिले ठहर गरेको छ। सुपारी खेतीलाई कृषिजन्य वस्तुको रुपमा सूचीकृत गर्न सरकारले कृषि उपजमा प्रदान गर्ने अनुदान, सुविधा तथा सहुलियत कर्जा लगायतका सुविधा सुपारी किसानलाई उपलब्ध गराउन पनि समितिले निर्देशन दिएको छ। सुपारी प्रशोधनका लागि आवश्यक यान्त्रिक उपकरण खरिद गर्न किसान समूह, संस्था वा सम्वद्ध सहकारी संस्थाहरुलाई सहजीकरण गर्न पनि निर्देशन दिइएको छ। सुपारी किसानलाई उन्नत बिउबिजन, मलखाद र जनशक्ति उपलब्ध गराउने र किसानको प्रतिनिधिसमेत राखेर सुपारी उत्पादनको एकीकृत तथ्याङ्क संकलन गर्न पनि समितिले निर्देशन दिएको छ। नेपालमा उत्पादित सुपारीको उत्पत्तिको प्रमाणपत्र जारी गर्न ल्याब परीक्षण लगायत व्यवस्था गरी विश्व बजारमा नेपाली उत्पादन निर्यात गर्नसक्ने वातावरण बनाउन सरकारलाई निर्देशन दिइएको छ।' राष्ट्रियसभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिले २०७९ साल साउन १६ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पत्र पठाउँदै डिएनए परीक्षणबाट नेपालमा उत्पादित भएको भनी प्रमाणित सुपारीलाई मात्र निर्यातको अनुमति दिन मन्त्रालयलाई निर्देशन दिएको थियो। वास्तविकतामा भने सुपारीमा गर्नु पर्ने भनिएको डिएनए परिक्षण हालसम्म कुनै पनि मुलुकले गर्ने गरेको पाइदैन। तर, विगत ४ वर्ष यता झापामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपारी जोन कार्यक्रम सञ्चालनमा रहेको छ। २०८० कार्तिक १५ गते प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले गरेको निर्णय जस्ताको तस्तै :



१) सुपारी खेती तर्फ किसानको आकर्षण बढी रहेको छ तर सरकारी निकायबाट यस खेतीलाई अपेक्षित रुपमा प्रवर्द्धन गर्ने कार्य भएको नपाईएकोले सरकारले सरकारले आगामी सोह्रौं पञ्च वर्षीय योजना तर्जुमा गर्दा सुपारी खेतीलाई प्रवर्द्धन गर्ने तर्फ नीतिगत व्यवस्था गर्न नेपाल सरकारलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने। २) सुपारी खेतीलाई कृषिजन्य वस्तुको रुपमा सूचिकृत गर्ने र सरकारले कृषि उपजमा उपलब्ध गराउने अनुदान रकम वा सुविधा वा सहुलियतपूर्ण कर्जाको व्यवस्था सुपारी किसानले पनि पाउने व्यवस्था गर्न। कृषि, पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने।

३) किसानलाई सुपारीको उन्नत बिउ वितरण, मलखादको व्यवस्था, आवश्यक यान्त्रिक उपकरणहरुको व्यवस्था, प्राविधिक जनशक्ति लगायतका सुपारी उत्पादनलाई अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने।

४) सुपारी उत्पादनको एकिकृत तथ्याङ्क संकलन गर्ने कार्य किसान प्रतिनिधिको संलग्नतामा गर्न पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने।

५) नेपालमा उत्पादन भएका कृषिजन्य बस्तुहरुको ल्याव टेस्ट लगायतको आवश्यक व्यवस्था गरी विस्व बजारमा नेपाली उत्पादन निर्यात गर्न सक्ने वातावरण बनाउन नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयलाई र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

६) नेपालमा उत्पादन भई विदेशमा निकासी हुने सुपारीको उत्पतिको प्रमाणपत्र जारी गर्ने व्यवस्था सम्बन्धी कार्यविधि २०६८ लाई आवश्यक संशोधन गर्न नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने।

७) नेपालमा आयात हुने सुपारीलाई काउन्टर भ्यालिड ट्याक्स लगाई सो वापतको रकम सुपारी किसानलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउन नेपार सरकार अर्थ मन्त्रालयलाई निर्देशन दिने।

---

सञ्चालन गरिने संघका महासचिव उपेन्द्रशर्मा आचार्यले जानकारी दिए। विगतमा जस्तै महोत्सव अन्तर्गत पौष २९ देखि ४ गतेसम्म ५ दिन रत्ननगरको सौराहाचोक बसपार्कमा विभिन्न जनजातीहरुको विशेष खाना, उपभोक्ताहरुलाई गुणस्तरीय उत्पादन उपभोगका लागि विशेष परिकार सहित पाँचौं रत्ननगर साँस्कृतिक खाना महोत्सव आयोजना गरिएको संघका पूर्व अध्यक्ष तथा खाना महोत्सवका संयोजक ज्ञानबहादुर विसुरालले जानकारी दिए।

# कृषि क्षेत्रको व्यावसायमा बिमा र कर्जाको महत्व



**अनिल कुमार उपाध्याय**

**परिचय :**

'कृषि मूलश्च जीवनम्' नारा बोकी निम्न गरिबबाट मध्यम गरिब देशको श्रेणीमा उक्लन सफल नेपाल कृषिबाटै समृद्धि लक्ष्य पहिल्याउने रणनीतिमा छ । हुन त निम्न तहको आर्थिक वृद्धिसँगै ग्रामीण जनसंख्याको बाहुल्यता, गरिबीको उच्च दर र निर्वाहमुखी



कृषि नेपालका प्रमुख अभिलक्षणहरू हुन् र यिनीहरूका बीचमा विभिन्न तहमा परस्पर सम्बन्ध हुन्छ । ग्रामीण परिवेशमा बसोवास गरेका देशको जनसंख्याको झण्डै ६५ प्रतिशत जनताको जीविका मूलभूत रूपमा कृषि कार्यले धानेको छ । ग्रामीण क्षेत्रमा गरिबीको दर शहरी क्षेत्रको भन्दा तेब्बर बढी छ । शहरीभन्दा ग्रामीण जनसंख्या बढी कृषिमा आश्रित छन् । मुलुकको आर्थिक वृद्धि, गरिबी उन्मूलन र उच्च जीवनस्तरयापनका लागि कृषि क्षेत्रको विस्तार प्रमुख मुद्दा बनेको छ ।

देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा कृषि क्षेत्रको योगदान करिब २६ प्रतिशत छ । विगतको दश वर्षदेखिको तथ्याङ्क विश्लेषण गर्दा कृषिको योगदान घट्दो क्रममा रहेपनि अन्य क्षेत्रको तुलनामा अत्यधिक नै देखिन्छ ।

कृषिको विश्व परिवेश हेर्दा समग्र क्षेत्रफलको १२ प्रतिशत मात्र जग्गामा खेती गरिएको छ भने ७० प्रतिशत पानी (फ्रेसवाटर) प्रयोग हुने गरेको छ । त्यस्तै १२ प्रतिशत जग्गा 'ग्रिन हाउस'बाट ग्याँस उत्सर्जन गर्ने काम भईरहेको छ ।

कोभिड(१९ को महमारीका कारण सारा विश्व नै सन् २०२० यता चपेटामा पर्‍यो । विश्वका लागि सन् १९३० को महामन्दीपछिको सबैभन्दा ठूलो त्रासदीपूर्ण स्थिति कोभिडले निम्त्यायो । अर्थात् १९३० पछिको ठूलो मन्दी आएको छ । विश्व स्वास्थ्य संगठनबाट जारी भईरहेका विज्ञाप्ति, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, एसियाली विकास बैंक, संयुक्त राष्ट्र संघजस्ता निकायहरूले आंकलन गरिरहेका क्षतिको अनुमान र प्रभाव पार्न सक्ने आर्थिक सामाजिक असर यसै हो भन्न सकिने अवस्था छैन । नेपालकै सन्दर्भमा पनि कुल गार्हस्थ वृद्धिदर एसियाली विकास बैंकका अनुसार ५ प्रतिशत कायम हुने, विश्व बैंकले १.५ देखि २.८ प्रतिशतको बीचमा रहन्छ भन्नु वा अमेरिकामा जीडीपी ६ प्रतिशत तल जान्छ वा विश्वको जीडीपी ऋणात्मक रहन्छ भन्नु सबै पूर्वानुमान हो । वास्तविक चित्र त कोरोनाले विश्राम लिएपछि मात्र देखिनेछ भन्ने कुरा सुधारउन्मुख देखिएको छ । यद्यपि तमाम समस्याका बाबजुद कृषि क्षेत्र ऋणात्मक हुन सक्दैन ।

> *ग्रामीण क्षेत्रमा पनि वाणिज्य बैंकहरूको उपस्थिति बाक्लिँदै गएको छ र त्यही रूपमा कर्जा पनि प्रदान गर्दै आएका छन् । युवाहरू पनि व्यावसायिक कृषि कर्ममा आकर्षित हुँदै गएका छन्, जुन सुखद पक्ष हो ।*

कृषि ऋण फाइनान्सिङको अवस्था र चुनौती :

बैंकिङ क्षेत्रले गरिरहेको कृषि वित्तपोषणको वर्तमान अवस्था हेर्नु पर्दा देहायका विवरणले महत्वपूर्ण सारांश प्रस्तुत गर्छन् ।

(आव २०७७/७८ का लागि नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूका लागि आफ्नो कुल कर्जा लगानीको न्यूनतम् ११ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था गरेकोमा वाणिज्य बैंकहरूले १३.२ प्रतिशत अर्थात् करिब चार खर्ब २६ अर्ब रुपैयाँ लगानी गरेका छन् ।

(आव २०७७/७८ मै वाणिज्य बैंकहरूले कुल कर्जाको ४.५ प्रतिशत सहुलियतपूर्ण कर्जातर्फ लगानी गरेका छन्, जसको अधिकांश रकम पनि कृषि कर्जामै गएको छ ।

(राष्ट्र बैंकले २०७८ असारसम्म वाणिज्य बैंकहरूलाई एक करोड रुपैयाँभन्दा कम रकमको कुल कर्जाको ११ प्रतिशत लगानी लघु, साना तथा मझौला उद्यम कर्जामा गर्नुपर्ने निर्देशन जारी गरेकामा २०७८ असारमा १०.१ प्रतिशत रहेको छ । यसमध्ये पनि अधिकांश रकम कृषिसँग सम्बन्धित व्यवसायमा गएको बुझ्न सकिन्छ ।

(गत आवमा कृषि विकास बैंकमार्फत कृषिमा लगानी गर्ने सहजताका लागि मौद्रिक नीतिमै राष्ट्र बैंकले कृषि कर्जा लगानीका रूपमा बैंक तथा वित्तीय संस्थाहरूले २४ अर्ब रुपैयाँसम्म कृषि ऋणपत्र (बण्ड)मा लगानी गर्नसक्ने सुविधा दिएकाले पनि वाणिज्य बैंकहरूको कृषि कर्जामा सुधार आएको देखिन्छ ।

( ग्रामीण क्षेत्रमा पनि वाणिज्य बैंकहरूको उपस्थिति बाक्लिँदै गएको छ र त्यही रूपमा कर्जा पनि प्रदान गर्दै आएका छन् । युवाहरू पनि व्यावसायिक कृषि कर्ममा आकर्षित हुँदै गएका छन्, जुन सुखद पक्ष हो ।

माथि उल्लिखित कृषि फाइनान्सिङको वर्तमान अवस्था हेर्दा बैंकिङ क्षेत्रको कृषितर्फ आकर्षण प्रगति उन्मुख देखिन्छ । यद्यपि, यसमा विभिन्न चुनौती भने छन् ।

साना किसानहरूमा मूल्य, बजार, प्राविधिक ज्ञान र सीपका साथै वित्तीय पहुँचमा कमी देखिएको छ ।

( मध्यमस्तरका किसानहरूमा कृषि उत्पादनको गुणस्तर कायम गर्न, शीत भण्डारण, मूल्य श्रृँखला र प्रविधि रूपान्तरण गर्नमा चुनौती देखिएको छ ।

(ठूला उद्यमी किसानहरूले निश्चित बजार तथा उत्पादनमा केन्द्रित भई कार्य गर्ने हुँदा

'ब्याकवार्ड लिंकेज' र 'भ्यालु चेन'मा जटिलता देखिएको छ ।

(बैंकहरूले कृषिमा गरेको लगानीलाई दीर्घकालीन प्रतिफलयुक्त बनाउन प्रविधिलगायत भौतिक पूर्वाधारमा ठूलो लगानी गर्नुपर्ने अवस्था छ ।

कृषि फाइनान्सिङका चुनौतीहरूसँग जुझिरहेको बैंकिङ क्षेत्रले सहुलियतपूर्ण कर्जाका माध्यमबाट साना तथा मध्यमस्तरका किसान र कृषि उद्यमीलाई सम्बोधन गरेको अवस्था छ ।

**कृषिमा देखिएका वर्तमान चुनौती :** कृषि क्षेत्रमा सरकारले वार्षिक बजेट कार्यक्रम, विभिन्न अन्तर्राष्ट्रिय सहायता, बैंकिङ क्षेत्रबाट स्वदेशी आन्तरिक ऋणको व्यवस्था, सहकारीमार्फत लगानी प्रोत्साहन गर्दै आएको छ । राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वित्तीय क्षेत्र सुदृढीकरण गर्दै कृषिमा लगानी अभिवृद्धि गर्न बैंकिङ क्षेत्रलाई विभिन्न निर्देशन दिँदै आएको र बैंकिङ क्षेत्रले पनि सोहीअनुरूप सरकार र केन्द्रीय बैंकको लक्ष्यबमोजिम कार्य गर्दै आएका छन् । यति हुँदै गर्दा पनि कृषि क्षेत्रमा निम्न चुनौतीका कारण आशातित सफलता हासिल हुन सकेको छैन ।

( कृषि क्षेत्रको समग्र उत्पादन मौसमी अनुकूलतामा निर्भर रहेकाले कृषियोग्य भूमिमा वर्षभरि सिँचाई सुविधा उपलब्ध हुनेगरी आवश्यक पूर्वाधार निर्माण गर्नु ।

(हाल निर्माणाधीन राष्ट्रिय गौरवका सिँचाई आयोजना यथाशीघ्र सम्पन्न गरी यी आयोजनामार्फत राष्ट्रिय उत्पादन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनु ।

(कृषि उपजको बजारीकरणमा देखिएको समस्याले गर्दा एकातिर कृषि व्यवसायमा संलग्न किसानलाई उत्पादन गरेको वस्तुको कम मूल्य प्राप्त हुने अर्कोतिर उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने भई मूल्य स्थायित्वमा चाप पर्नु ।

( कृषिजन्य वस्तुको आयात निरन्तर वृद्धि हुँदै गएको वर्तमान सन्दर्भमा कृषि उपजको उत्पादन वृद्धिका साथै उपभोग प्रवृत्तिमा परिवर्तन गरी कृषिजन्य वस्तुको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु ।

(कृषि तथा पशु बिमा कार्यक्रमलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी सबै कृषकको पहुँच पु¥याउनु ।

(कृषि उपजको भण्डारणका लागि सबै स्थानीय तहमा शीतघरको निर्माण गर्नु ।

(कृषि क्षेत्रमा बढ्दै गएको रासायनिक मल, कीटनाशक औषधिको प्रयोगतर्फ कृषकलाई सचेत गराउँदै कृषि उपजलाई स्वस्थकर बनाई दीर्घकालमा प्राङ्गारिक खेती प्रणालीको विकास गर्नु ।

(पशुपालक कृषकलाई उत्प्रेरित गर्दै स्वस्थकर उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न पशु चिकित्सा सेवाको पहुँच सबै स्थानीय तहका सबै वडामा विस्तार गर्नु ।

(कृषि आयात व्यवस्थापन गर्न प्रत्येक भन्सार नाकामा क्वारेन्टिनको व्यवस्था, कृषि उपजको सहज बजारीकरणका लागि भण्डारण तथा सडक सञ्जाल विस्तार, कृषि कर्जा, कृषिको आधुनिकीकरण, न्यूनतम समर्थन मूल्य तोक्ने व्यवस्था, भू-खण्डीकरण नियन्त्रण तथा प्रतिस्पर्धात्मक क्षमताको विकासमार्फत कृषि पेसामा युवालाई आकर्षित गर्नु ।

विश्वव्यापी कोरोनाको महामारीले विदेशिएको जनशक्ति स्वदेश फर्केका छन् । यिनीहरूका लागि सजिलो गर्न सकिने पेसा व्यवसाय पनि कृषि नै देखिएको छ । देशभर करिब २५ प्रतिशत खेतबारी बाँझै रहेकाले बैंकिङ क्षेत्रले कृषि क्षेत्रमा लगानी व्यापक विस्तार गर्नुपर्नेछ । केन्द्रीय बैंकले गरेको 'आर्थिक गतिविधि अध्ययन' अनुसार जग्गामा भईरहेको अनियन्त्रित खण्डीकरणले खेतीयोग्य जमिन घट्न गई कृषि उत्पादन घट्दै गएकाले पनि उत्पादकत्व घटेको हो । कृषिको आधुनिकीकरण तथा यान्त्रिकीकरणमा उल्लेख्य प्रगति गर्ने, प्राविधिकको उपलब्धता बढाउने, कर्जाको पहुँच बढाउने तथा सरकारीस्तरमा सञ्चालित कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने कार्य अर्को चुनौतीका रूपमा छ ।

वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने नीति सरकारको प्राथमिकतामा रहे पनि भौगोलिक विकटता तथा आवश्यक पूर्वाधारको अभावका कारण सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार हुन नसकेको भन्दै केन्द्रीय बैंकले दुर्गम क्षेत्रमा बैंकिङ सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधार तयार गरी वित्तीय चेतनामार्फत बचतकर्तामा बैंकिङ बानीको विकास गरी संकलित वित्तीय साधन सोही क्षेत्रको कृषि, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा उपयोग गर्नुपर्ने देखिन्छ ।

त्यस्तै, कृषिसँग पर्यटनलाई जोड्दै 'होमस्टे'मा आउने पर्यटकको बसाई अझ उत्कृष्ट र लामो बनाउन बैंक तथा वित्तीय संस्थाहरूको लगानी वृद्धि गर्नुपर्नेछ । आन्तरिक पर्यटनलाई प्रवाभकारी ढंगले वृद्धि गर्न पर्यटन क्षेत्रमा गरिने लगानीका लागि महत्वपूर्ण अंग बैंक तथा वित्तीय संस्था हुन् ।

आधुनिक कृषिको विकास तथा उपलब्धिमूलक लक्ष्य प्राप्त गर्न वित्तीय साक्षरता बढाउँदै र वित्तीय सेवालाई थप समावेशी बनाउँदै स्थानीय तह, प्रदेश र संघअन्तर्गतका सरोकारवाला निकायबीच समन्वय गरी अघि बढ्नुपर्छ । निजीस्तर तथा सामाजिकस्तरको बिमा सुविधाको विस्तार र भुक्तानी प्रणालीलाई जनस्तरमा पु¥याउँदै मूल्य श्रृँखलामा आधारित बजारको विकास गरिनु आवश्यक छ ।

लेखक : कृषि विकास बैंकका सिईओ तथा नेपाल बैकर्स संघका पूर्व अध्यक्ष हुन् ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना सानोठिमी, भक्तपुर

**कार्यक्रम सञ्चालित जिल्लाहरु :** जाजरकोट, डोटी, दार्चुला, अछाम, बझाङ र बाजुरा

**मुख्य उद्देश्य :** खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून् देखिएका जिल्लाहरुका सामुदायिक विद्यालयका बालबालिकाहरुलाई आधारभूत शिक्षा पहुँचमा अभिवृद्धि गर्न तथा विद्यार्थीको पोषण र स्वास्थ्य स्थिति सुधार ल्याउने कार्यक्रम सञ्चालित जिल्लाहरुमा सामूदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ५ सम्म सम्पूर्ण विद्याथीहरुलाई प्रति दिन प्रति विद्यार्थी (चामल ८० ग्राम, दाल २० ग्राम, तेल १० ग्राम र नुन २ ग्राम) गरी जम्मा ११२ ग्राम खाद्यान्नबाट विद्यालयमा नै खाजा पकाई खुवाउने कार्यक्रम रहेको छ ।

नेपाल सरकार
खाद्य कार्यक्रम परियोजना

# भारत सरकारले कृषि, मल र खाद्यान्नको लागि रु.४ लाख करोड विनियोजन गने तयारी

अन्तरिम वजेटः भारतले आगामी आर्थिक वर्षमा खाद्यान्न र मलमा अनुदानका लागि करिब ४ खर्ब रुपैयाँ (४८ अर्व डलर) विनियोजन गर्ने योजना बनाएको छ। उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले चालु आर्थिक वर्षको तुलनामा १० प्रतिशतले बढी खाद्यान्न अनुदानको लागि २.२ खर्व रुपैयाँ लाग्ने अनुमान गरेको छ। साथै आगामी आर्थिक वर्षको मल अनुदान १ खर्व ७५ अर्व रुपैयाँ लाग्ने अनुमान छ।

भारतले आगामी आर्थिक वर्षमा खाद्यान्न र मल अनुदानका लागि करिब ४ खर्व तथा (४८ अर्ब डलर) छुट्याउन सक्छ। दुई सरकारी स्रोतहरूले भने, यस वर्षको आम चुनाव अघि वित्तीय सावधानीको संकेत गरेको छ।

उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले आगामी वर्षको खाद्यान्न अनुदानको विल २.२ खर्ब रुपैयाँ (२६.५२ अर्ब डलर) अनुमान गरेको छ। जुन चालू आर्थिक वर्ष २०२३(२४ को करिब २ खर्ब रुपैयाँ (२४.११ अर्ब डलर)को अनुमानित परिव्यय भन्दा १०% बढी हो।

साथै थप, आगामी आर्थिक वर्षको मल अनुदान १.७५ खर्ब रुपैयाँ (२१.१० खर्ब डलर) हुने अपेक्षा गरिएको छ। जुन चालु आर्थिक वर्ष २०२२/२३को अनुमानित करिब २ खर्ब रुपैयाँ भन्दा कम छ।

अनुदानको निर्णयमा प्रत्यक्ष संलग्न रहेका स्रोतले सञ्चारमाध्यमसँग बोल्ने अधिकार नभएकाले नाम खुलाउन चाहेनन्।

वित्तमन्त्री निर्मला सीतारमणले १ फरवरी २०२४/२५ को वजेट सार्वजनिक गर्ने तयारी गरेकी छिन्।

उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले टिप्पणी गर्न अस्वीकार गरेको छ भने अर्थ मन्त्रालय, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयले पनि जवाफ दिन मानेन।

हाल संयुक्त अनुदान कायम राख्न केही महिनामा राष्ट्रिय चुनावको सामना गर्ने सरकारको लागि असामान्य बताए। तर, प्रधानमन्त्री नरेन्द्र मोदीले चैत्र र बैशाखको मध्येम (अप्रिल र मे)मा हुने तेस्रो कार्यकाल समेत चुनाव जित्ने अपेक्षा गरिएको छ। साथै, भारतको वित्तीय घाटा व्यवस्थापन गर्न खाद्यान्न र मल अनुदान व्यवस्थापन गर्न महत्वपूर्ण हुन्छ। जुन मोदीको सरकारले यस वर्ष कुल गार्हस्थ उत्पादनको ५.९% मा लक्ष्य राखेको छ र आर्थिक वर्ष २०२४/२५ मा कम्तिमा ५० आधार विन्दुले हुने अपेक्षा गरेको छ।

अन्तरिम वजेट अपेक्षाहरू : सरकारले यस वर्षको वजेट अनुमानबाट यस वर्षको वजेट अनुमानको तुलनामा आर्थिक वर्ष २०२५को अन्तरिम वजेटमा आफ्नो समग्र खर्चलाई



घटाउने योजना लिएको देखिन्छ।

गत वर्षको अन्त्यमा मोदी प्रशासनले आफ्नो प्रमुख निःशुल्क खाद्य कल्याण कार्यक्रमलाई अर्को पाँच वर्षको लागि विस्तार गरेकोले खाद्य अनुदान विल अर्को वर्ष बढ्ने सम्भावना छ।

भारतले आफ्नो अर्वौं अमेरिकी डलर बराबरको खाद्य कल्याण कार्यक्रम सञ्चालन गर्दै आएको छ। यो विश्वको सबैभन्दा ठूलो कार्यक्रम हो। लाखौं घरेलु किसानहरूबाट राज्यले तोकेको न्यूनतम् वा तोकिएको निश्चित मूल्यमा चामल र गहुँ खरिद गर्छ र ८० करोड भारतीय जनतालाई निःशुल्क रुपमा वितरण गर्छ। अन्तरिम वजेट २०२४मा लगभग खर्च बढी देख्न सक्छ। किनकि केन्द्र सरकारले वित्तीय ग्लाइड पथ खोज्न सक्छ।

सरकारले २०२४ को वित्तीय सीमाङ्कनलाई अनिवार्य रुपमा दिगो वृद्धिको आवश्यकतालाई सन्तुलनमा राख्दै, आर्थिक वर्ष २०२५को अन्तरिम वजेटमा कुल खर्चको वृद्धिलाई लगभग १०% मा सीमित गर्ने लक्ष्य राखेको छ। यसले पूँजीगत खर्चलाई सुस्त गतिमा बढाएर राजस्व खर्चमा सामान्य वृद्धि गरेर उक्त लक्ष्य हासिल गर्ने योजना बनाएको छ। सरकारले आर्थिक वर्ष २०२६ मा कुल गार्हस्थ्य उत्पादनको ४ दशमलव ५ प्रतिशतको वित्तीय घाटालाई सीमित गर्ने लक्ष्य राखेको र यो वर्षमा लक्ष्य पूरा लगभग १०% मा सीमित गर्न सक्छ, किनभने यसले वित्तीय सीमा दिगो विकासको आवश्यकतालाई सन्तुलनमा राख्ने लक्ष्य राखेको छ ।

बजेटले वित्तीय ठूल्याईलाई वेवास्ता गर्न सक्छ। यसले चुनावको नतिजालाई प्रभाव पार्दैन, (पीडब्लुसी का प्रवक्ता रानेन बनर्जी भने।

वजेट लाइन वस्तु विनियोजनमा ५-१०% वृद्धि गरी सरकारले अन्तरिम वजेटलाई वित्तीय विवेकमा अडिग राख्ने अपेक्षा गरिएको छ। खाद्यान्न र मलमा दिइने अनुदानमा कटौती गरी वित्तीय घाटाको लक्ष्य पूरा हुने विश्वास दिलाउनु पर्छ। पूँजीगत खर्चको लागि बढेको आंकलन सहित, वित्तीय खर्चमा सकारात्मक संकेत अगाडि आउँछ। अन्तरिम वजेटमा सामान्य लक्ष्यहरू सामान्य हुने सम्भावना छ। आर्थिक वर्ष २०२४को लागि भारतको समस्त आर्थिक स्थिति हेर्दा पूर्ण वजेटमा उल्लेख्य रूपमा वृद्धि भएको छ।

पीडब्लुसी भारतका साझेदार र प्रशासनिक क्षेत्रका विज्ञ रानेन बनर्जी भन्छन्। विगतका धेरै उदाहरणहरू र वित्तीय ठूल्याईले चुनावको नतिजालाई प्रभाव पार्दैन। सरकार वित्तीय विवेकमा अडिग रहने सम्भावना बढी छ।

**स्रोतः** इकोनोमिक्स टाइम्स १७ जनवरी २०२४

# हाईड्रेजियाहरू ग्रीष्म फुल्छन

तुलनात्मक रूपमा न्यानो वसन्त, फ्रस्ट नभएको, र घामको मन्त्र भएको जुलाई र अगस्टमा खैरो भएकोले फूलहरू वर्षहरूमा उत्कृष्ट हुन्छन् ।

एम्मा गेटेन, वातावरण सम्पादक २५ अगस्त २०२३

आर एसएस विस्लीमा हाइडेजिया ९ज्थ( मचबलनभबक० बीच बागवानी विद्यार्थी क्रेडिटः आरएचएस ओलिभर डिक्सन

गर्मी मौसमको कारण यो वर्ष हाइड्रेंजिया





ठूला र उज्यालो फूलमा छन्।

रोयल होर्टिकल्चरल सोसाइटी (आरएचएस)का अनुसार फूलहरू वर्षौंमा सबैभन्दा राम्रो स्वास्थ्यमा छन्, तुलनात्मक रूपमा न्यानो वसन्त, टुसारो नभएको, र खैरो जुलाई र अगस्ट, मा घामको छेउछाउमा घामको न्यानोपन आउँछ ।

“सबै कुरा हाइड्रेंजियाका लागि राम्रो भएको छ ।'' आरएचएसका प्रमुख बागवानीविद् गाय बार्टरले भने । “फूलहरू ठूला छन् र तिनीहरू धेरै राम्रो गुणस्तरका छन् । रङ उत्कृष्ट छ ।''

“त्यहाँ अद्भुत, फ्याट नीलो लेस क्यापहरू छन्, उदाहरणका लागि, जुन यस समयमा एकदमै शानदार देखिन्छ ।''

ह्याम्पशायरको एक्सबरी गार्डन, जुन हाइड्रेंजियाका ८० भन्दा बढी प्रजातिहरूको प्रदर्शनका लागि प्रसिद्ध छ, पनि बम्पर वर्ष भइरहेको छ, यसका प्रमुख मालीले भने ।

शानदार प्रदर्शन :

“हामीलाई एक्सबरीमा हाइड्रेंजियाहरू मनपर्छ किनकि उनीहरूले रोडोडेन्ड्रन र अजालियाजस्ता बढ्दो अवस्थाको आनन्द लिन्छन् जुन हाम्रो वुडल्याण्ड बगैंचाहरू स्पष्ट रूपमा प्रसिद्ध छन् ।'' टम क्लार्कले भने । “उनीहरूले गर्मीको मध्यदेखि ढिलोसम्म उत्कृष्ट प्रदर्शन दिन्छन् ।

“यो हामीले वर्षहरूमा पाएको सबैभन्दा राम्रो प्रदर्शन हो ।''

बिरुवाहरू, एशियाको मूल निवासी, ठूला पातहरू सहित कठोर वुडल्याण्ड बिरुवाको विशेषताहरू छन्, र ओसिलो माटो र कम प्रकाशमा राम्रो काम गर्दछ, यसको मतलब यो गर्मी अनुकूल भएको छ ।

जुलाई १८३६ पछि सबैभन्दा बढी छवटा वर्षाको साथ रेकर्डमा सबैभन्दा चिसो मध्ये एक थियो, र अस्थिर मौसम अगस्ट सम्म जारी रह्यो ।

यसैबीच जुनमा घामको किरणले बोटबिरुवामा फूल फुल्न प्रोत्साहित गऱ्यो । विस्बेक, क्याम्ब्रिजशायरमा रहेको ओक्ले फार्मले यस वर्ष अनुमानित ११,००० तरबुजहरू उब्जाएको छ, जुन जुलाईको वर्षाको बावजुद यूकेको नयाँ उत्पादनले रेकर्ड कायम गरेको छ ।

फूलहरू सेप्टेम्बर सम्म राम्रोसँग रहने सम्भावना छ, यसको मतलब तिनीहरू हालैको गर्मी मौसम भन्दा लामो समयसम्म रहन सक्ने सम्भावना छ ।

अन्य बिरुवाहरूले राम्रो काम गरिरहेका जडिबुटीहरू जस्तै बारहमासीहरू जस्तै फ्लोक्स र अन्य वुडल्याण्ड फूलहरू जस्तै एस्ट्रेन्टिया, श्री बार्टरले भने ।

तर, श्री बार्टरले भने कि मौसमको अप्रत्याशिततालाई ध्यानमा राख्दै विभिन्न प्रकारका बोटबिरुवाहरू ब्रिटिश मालीहरूका लागि उत्तम दृष्टिकोण हो ।

“दुर्भाग्यवश राम्रो वा खराबको लागि, मालीहरूलाई साइट र माटोको लागि उपयुक्त छनोट गरी बिरुवाहरूको दायरा रोप्न धेरै राम्रो सल्लाह दिइयो ।''

कृषकहरूले चेताउनी दिएका छन् कि भिजेको गर्मीले फसलमा असर गरेको छ, र सुपरमार्केट शेल्फहरूमा खानाको दायरालाई असर गर्न सक्छ ।

**दोब्बर वार्षिक उत्पादनः**

तर कम्तिमा एक किसानले मौसमको बावजुद धेरै राम्रो गरेका छन् । क्याम्ब्रिजशायरमा रहेको ओक्ले फार्मले तरबूजको वार्षिक उत्पादनलाई दोब्बर बनाएको छ । जसले बेलायतमा रेकर्ड कायम गरेको छ ।

फार्मले यस वर्ष अनुमानित ११,००० तरबूज उत्पादन गरेको छ । जुन २०२० मा करिब ५,५०० बाट बढेको छ ।

यो फार्म युकेको तरबुजको सबैभन्दा ठूलो उत्पादक हो र यसले कट र कुरगेटहरू पनि उब्जिन्छ । जुन दुबै कुकरविट परिवारका सदस्यहरू हुन्, तरबूज जस्तै ।

“हामीले फूलहरु उब्जाउने विभिन्न तरिकाहरू प्रयास गरेका छौं । र अब प्रति बोटमा धेरै फलहरू पाउँदैछौं त्यसैले कडा परिश्रम गर्न थालेको छ ।'' फार्मका प्रबन्धक निक मोल्सवर्थले भने ।

“तिनीहरू बढ्न सजिलो छैन र बेलायती मौसम पनि चुनौतीपूर्ण हुनसक्छ तर हामी यस वर्षको बालीबाट धेरै खुसी छौं ।

# The plants that feed the world

20/11/2023

Most of us have our own ideas about the food and plants that make up a large part of our diet. But how much of an impact do climate change, conflicts, health considerations, lifestyle trends and other modern-day issues have on the crops we grow now and those we might need in the future? These are among the issues addressed in a new report, called The plants that feed the world, by the Food and Agriculture Organization of the United Nations (FAO).



To date, we have relied on a handful of crops, such as wheat, corn and rice, for most of our caloric needs. Yet, there are more than 7 000 plant species, and perhaps up to 30 000 which are considered edible by humans.

With its Secretariat based at FAO, the International Treaty on Plant Genetic Resources for Food and Agriculture was adopted in 2001 to ensure that the plant genetic resources most important to human diets were safeguarded and used equitably around the world. Annex 1 of this legally binding agreement lists 64 of the key crops that make up our "food basket" and whose genetic resources are exchanged by gene banks through the International Treaty's Multilateral System for Access and Benefit-sharing.

The International Treaty's goal is to ensure that plant genetic resources are accessible by everyone, especially farmers in developing countries, so that we can all benefit from a diversity of crops that can meet our nutritional needs. Let's look at four significant trends identified in the study that are shaping the way plants are feeding us and that demonstrate why genetic resources are so important for better production, nutrition, environment and livelihoods:

To date, we have relied on a handful of crops for most of our caloric needs. Yet, between 7 000 and 30 000 plant species are considered edible by humans. We need to expand the basket of crops on which we rely.

1. The concept of food security has expanded.

One reason our "food basket" will need to incorporate more plants than it used to is because our understanding of food security is evolving. More than 20 years ago, when the International Treaty was first drawn up, the emphasis was overwhelmingly on the calories needed to provide a basic diet and eradicate hunger. We now increasingly understand that the focus also needs to be on nutrition, delving into micro-nutrients as well as macronutrients.

In many countries, undernutrition and overnutrition coexist as diets undergo radical changes and processed products often supplant traditional foods. With the trends of overweight and obesity becoming as concerning as hunger, nutritious plants and not just caloric ones, need to be incorporated in our food basket.

2. The plants of the past are not necessarily the plants of the future.

As well as eating more vegetables, fruit, nuts and seeds because of nutrition concerns, there is a trend towards consuming more plant-based proteins, like pulses.

Lesser-known, nutritious cereals, such as millet and sorghum, or cereal-like, equally gluten-free alternatives, such as quinoa and amaranth, are also on the rise. Minor and underutilized crops like these are now at the forefront of food trends, not only from a nutrition perspective, but also because many are environmentally beneficial.

A new FAO report brings together data for 355 crops and will inform policy discussions, including updating the basket of 64 crops safeguarded under the International Treaty.

3. Countries are becoming even more interdependent on each other for crop varieties.

With the climate crisis affecting global precipitation patterns and temperatures, certain varieties of crops are no longer growing well in places where they once thrived. For example, just a few years ago, perhaps not many people would have predicted that maize would become difficult to grow in some parts of Africa. Yet, farmers in these areas are now searching for other crops, like millets, that are more suitable to the reduced rainfall.

These changing weather patterns mean there will be more need for countries to obtain plant varieties from elsewhere in the world in order to continue or improve their production.

Climate change is only adding to the interdependence, but countries have always been reliant on one another for crops that originated elsewhere. For example, coffee

varieties from Africa have travelled all over the world. While, in terms of potatoes, South America still has more varieties to offer than any other region.In these contexts, the International Treaty's multilateral approach for collaboration between countries is ever more important. 4. Tastes and fashions are also changing the demand for crops.Changing tastes and trends are also spurring demand for new crop varieties from farmers seeking to improve their livelihoods, whether it's by growing quinoa or by cultivating pigeon peas.

But new demands are also coming from other quarters, such as chefs who are keen to explore the tastes and textures of traditional, and often more sustainable, grains. For example, Sierra Leonean chef, Fatmata Binta, has made it a point in her cooking to highlight fonio millets, which require less water and are very nutritious.

These voices were not a part of the discussions when the International Treaty was first negotiated, but they are now increasingly making themselves heard.

As the only binding international agreement dedicated to safeguarding, conserving and exchanging the genetic diversity of the plants that we farm and eat around the world, the International Treaty has an increasingly important role in our interdependent and changing world. The new report, which brings together data for 355 crops, will play a key part in informing policy discussions, including updating the basket of crops in the International Treaty's Annex I. With the massive amount of publicly available data underlying the study, it will also provide a key resource for researchers and decision-makers globally. The report lays the foundation for allowing humankind to explore the potential of thousands of more plants to meet our food needs into the future.

# Fishing for a better future in Nigeria

When Daniel Chukwuma began looking for work in Nigeria five years ago, the odds were against him: the country had an estimated 11 per cent youth unemployment rate.

After a conversation with a friend,



the then twenty-three-year-old decided to try something new: fish farming. He had no experience with aquaculture, but he'd enjoyed growing beans as a child. How different could rearing catfish be?

And so, Orisha Farms was born.

Before long, Daniel realised fish and beans need very different things. For one, fish need a lot more water. He began by keeping them in ponds, but digging ponds, finding suitable water sources and maintaining water quality proved difficult and expensive.

That's when Daniel came across a tweet by IFAD about its new PRoSCAWA project in Nigeria and Ghana. The project promotes cage aquaculture, where fish are kept in large mesh enclosures placed in natural water bodies, like lakes or rivers, instead of in expensive ponds.

This way, fish farmers avoid buying land for ponds or maintaining costly water pumping systems. As the water is continuously moving, faecal and food residues do not accumulate beneath the cage, while the fish are raised in something close to their natural environment.

Daniel immediately saw the potential and knew just the spot to implement it: a nearby freshwater lake on the Afowo Waterfront in southern Nigeria.

Orisha Farms produce 3,000kg of fish every six months.

With advice and support from ProSCAWA and WorldFish, a research institute dedicated to transforming aquatic food systems, he and the workers at Orisha Farms learned how to maintain and build cages, monitor fish health and water quality, and manage the farm.

ProSCAWA has trained over 500 small-scale farmers in Nigeria and Ghana on cage aquaculture. The project also established an online marketing platform to help fishers sell their products.

Before ProSCAWA, Orisha Farms produced 700kg of fish every eight months. After switching to a specially bred variety of tilapia which grows quickly, the number of annual harvests doubled. Today, the farm produces 3,000kg of fish every six months, which they sell for US$8,500.

This increased production has had knock-on effects along the value chain, with more opportunities for fish processing, transport and retail. Moreover, a quality protein source is now widely available and affordable for local communities.

Daniel is passing on what he knows and helping to reduce Nigeria's youth unemployment rate while he's at it: Orisha Farms is set to continue training aspiring fish famers in cage aquaculture across the country.

